का.जि.प्र.का.द.नं. १००/०५९/६०

- वर्ष १९, अंक १७५
- २६ साउन २०७८, मंगलबार
- 10 August 2021, Tuesday

www.madhyanhadaily.com

पृष्ठ १२ मूल्य रु. ५/-

# मध्यान्ह

Madhyanha National Daily

राष्ट्रिय दैनिक

# एमालेमा शक्तिशाली अध्यक्ष !

## ■ अध्यक्ष बाहेक पदाधिकारी मनोनित हुने






नेकपा एमालेको विधान अधिवेशनबाट शक्तिशाली अध्यक्षको प्रस्ताव बनाउनेगरी विधान संशोधन गर्ने तयारी अगाडि बढाइएको छ । सोमबार केन्द्रीय कमिटी बैठक राखेर एमालेले विधान संशोधन प्रस्ताव अगाडि बढाएको हो ।

**सन्दीप विक/मध्यान्ह**
काठमाडौं, २५ साउन ।

प्रमुख विपक्षी दल नेकपा एमालेले विधान संशोधन प्रस्ताव अगाडि बढाएको छ। सोमबार बसेको स्थायी कमिटी बैठकले गरेको विधान संशोधन प्रस्ताव केन्द्रीय कमिटीबाट अनुमोदन भएको छ। तुल्सीलाल स्मृति प्रतिष्ठान भवन, ललितपुरमा बसेको केन्द्रीय कमिटी बैठकले विधान संशोधन प्रस्ताव पारित गरेको हो ।

विधान संशोधन प्रस्ताव अगाडि बढाउन एमाले उपमहासचिव एमव् संगठन विभाग प्रमुख विष्णुप्रसाद पौडेलको संयोजकत्वमा कार्यदल समेत बनेको छ । यो कार्यदलमा सुवास नेम्वाङ, पृथ्वीसुब्बा गुरुङ, लेखराज भट्ट, रघुवीर महासेठ, राधा ज्ञवाली, भानुभक्त ढकाल र प्रभु साह रहेका छन् । यो कार्यदलले विधान संशोधन प्रस्ताव माथिको छलफललाई विधान अधिवेशन हलमा प्रस्तुत गर्नेछ ।

यदि विधान संशोधन प्रस्ताव पारित भए एमालेका अध्यक्ष शक्तिशाली बन्नेछन् । किनकि विधान संशोधन गरी एमालेले अध्यक्ष बाहेक अन्य पद मनोनित राखेको छ । आठौं र नवौं महाधिवेशनमा एमालेले बहुपदीय प्रणाली अभ्यास गरेको थियो। अब हुने दशौं महाधिवेशनबाट पनि बहुपदीय प्रणाली नै चयन गर्नेछ। तर अध्यक्ष बाहेक सबै पदाधिकारी मनोनित हुनेछन् ।

प्रस्तावित विधानअनुसार, एमालेमा दुई उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव र सात सचिव हुनेछन्। यी सबै पद केन्द्रीय कमिटीबाट मनोनित हुनेछन् । अध्यक्ष प्रत्यक्ष निर्वाचित र बाँकी पद मनोनित हुनुको अर्थ कुनैपनि बेला केन्द्रीय कमिटीले पदाधिकारी परिवर्तन गर्न सक्नेछन् । महाधिवेशन हलबाट निर्वाचित पदाधिकारी भने महाधिवेशनबाट मात्रै हटाउन सकिने हुन्छ ।

यसअघि २८ फागुनमा पनि ओलीले यस्तै शक्तिशाली अध्यक्ष बन्ने प्रयास गरेका थिए । ओलीले केन्द्रीय कमिटी सदस्य मनोनयन, सांसदहरुलाई निलम्बन र कारबाहीको अधिकार आफै लिएका थिए । सोहीअनुसार, बरिष्ठ नेता माधवकुमार नेपाल समूहका सांसदहरुलाई पटकपटक स्पष्टिकरण सोध्ने र कारबाही गर्ने निर्णय गर्दै आएका थिए ।

ओलीले एमालेको नवौं महाधिवेशनबाट निर्वाचित नेतृत्व विघटन, विधान संशोधन र दशौं महाधिवेशन आयोजक कमिटी गठन गरेका थिए । तर २७ जेठमा सर्वोच्च अदालतले ओलीबाट भएका यी निर्णयहरुलाई मान्यता दिएन। यसपछि १६ असारमा दशौं राष्ट्रिय महाधिवेशन आयोजक कमिटी विघटन गरी केन्द्रीय कमिटीमा रुपान्तरित भएको थियो ।

फेरि ओलीले पार्टी अध्यक्ष शक्तिशाली बनाउने प्रस्ताव ल्याएका छन् । उनले केन्द्रीय कमिटी संख्या बढाउने प्रस्ताव पनि ल्याएका छन्। प्रस्तावअनुसार, एमालेको केन्द्रीय कमिटी संख्या २२५ सदस्यीय हुनेछ। विधान संशोधन प्रस्तावअनुसार, प्रदेश कमिटीलाई कार्यकारिणी बनाइने पनि उल्लेख गरिएको छ। यसअघि एमालेको विधान अञ्चल समन्वय कमिटी थियो भने केन्द्रीय पदाधिकारीमा एक अध्यक्ष, पाँच उपाध्यक्ष, एक महासचिव, दुई उपहासचिव, पाँच सचिव थिए । अहिलेको एमालेमा दुई बरिष्ठ नेताको व्यवस्था समेत गरिएको छ ।

यसलाई संशोधन गर्न प्रस्ताव अगाडि बढाइउको छ । विधान अधिवेशनको तयारीमा अन्य निर्णयहरु पनि भएको छ । अध्यक्ष केपी शर्मा ओलीले राजनीतिक प्रतिवेदन तयार पार्नेछन् । उक्त कार्यदलमा वामदेव गौतम, रामबहादुर थापा (बादल), प्रदीप ज्ञवाली, छविलाल विश्वकर्मा, सत्यनारायण मण्डल, विष्णु रिमाल र विन्दा पाण्डे छन् ।

संगठनात्मक प्रतिवेदन मस्यौदा समिति संयोजकमा महासचिव ईश्वर पोखरेल र सदस्यहरुमा विष्णु पौडेल, टोपबहादुर रायमाझी, शंकर पोखरेल, किरण गुरुङ र पद्मा अर्याल छन् । व्यवस्थापन समिति संयोजकमा रामबहादुर थापा (बादल) र सदस्यहरुमा मणि थापा, शेरबहादुर तामाङ, सुजिता शाक्य, विनोद श्रेष्ठ, खिमलाल भट्टराई, महेश बस्नेत र पासाङ शेर्पा छन् ।

# महन्थ समूह पदमुक्त

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, २५ साउन ।

जनता समाजवादी पार्टी (जसपा) ले महन्थ ठाकुर समूहलाई पदमुक्त गरेको छ। जसपाले ठाकुर सहित १६ जनालाई कार्यकारिणी सदस्यबाट हटाउने निर्णय गरेको थियो । जसपाको निर्णय पछि सोमबार बसेको निर्वाचन आयोगको निर्णयअनुसार, ठाकुर समूह पदमुक्त भएका हुन् ।



पार्टी वैधानिकता गुमाएका महन्थ ठाकुर समूहलाई जनता समाजवादी पार्टी (जसपा) को निर्णयअनुसार, निर्वाचन आयोगले पदमुक्त गरेको छ । तर साधरण सदस्य पदबाट भने जसपाले हटाएको छैन ।

जसपाको वैधानिकता गएको साउन ११ गते निर्वाचन आयोगले उपेन्द्र यादवलाई दिएको थियो । ठाकुर समूहका नेताहरुलाई हटाए पछि अब जसपाको कार्यकारिणी समितिमा ३५ जना मात्रै रहेका छन् । दलको वैधानिकता विवादमा यादव तर्फ ३४ जनाले हस्ताक्षर गरेका थिए । तर जसपाले तटस्थ बसेका रेमश चौधरीलाई पनि कार्यकारिणी समितिमै राखेको छ ।

आयोगको निर्णय पछि अब ठाकुर समूह पदमुक्त भएको छ । आयोगका प्रवक्ता राजकुमार श्रेष्ठका अनुसार, अब कार्यकारिणी समितिमा ठाकुर समूहका नेताहरु रहनेछैनन् । ठाकुर जसपाका अध्यक्ष थिए । जसपाको विधानअनुसार दुई अध्यक्ष रहने व्यवस्था भएपनि ठाकुरले प्रथम अध्यक्ष भएको दावी गरेका थिए । प्रथम अध्यक्षको हैसियतमा भन्दै यादवलाई अध्यक्षबाट हटाउने निर्णय आयोगमा पेश भएको थियो ।

नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीलाई प्रतिनिधिसभा विघटन गर्ने कदममा साथ दिएका ठाकुर समूहले पनि जसपाको वैधानिकता दावी गरेका थिए । तर वैधानिकता गुमाएसँगै जसपाले उनीहरुलाई पदमुक्त गरेको छ ।

अब जसपा विभाजन गर्न ठाकुर समूहले केन्द्रीय कार्यकारिणी समिति र संसदीय दलमा ४० प्रतिशत पुऱ्याउनुपर्ने हुन्छ । जुन सजिलो छैन । किनकि कार्यकारिणीबाट हटिसकेका छन् भने संसदीय दलमा पनि ४० प्रतिशत पुग्ने संभावना कम छ । किनकि संसद् पुनर्स्थापनासँगै ठाकुरलाई छोडेर यादव तर्फ केही सांसदहरु लागिसकेका थिए ।

३२ मध्ये २० सांसद आफ्नो पक्षमा रहेको यादव तर्फका नेताहरुले ३ साउनको संसद् बैठकमै दावी गरेका थिए । अझ वैधानिकता समेत गुमाएको अवस्थामा यो संख्या घट्ने देखिन्छ । जसपाबाट ठाकुर समूहले केन्द्रमा पद गुमाएको छ भने प्रदेशहरुमा पनि समस्यामा देखिएका छन् । ठाकुर पक्षका लुम्बिनी प्रदेशसभा सदस्यहरूले आफूलाई पुनर्बहाली गर्न माग गर्दै दायर गरेको रिट निवेदनमा सर्वोच्च अदालतले अन्तरिम आदेश दिन अस्वीकार गरेको छ । न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले लिखित जवाफ माग गर्दै अन्तरिम आदेश दिन अस्वीकार गरेको हो ।

आदेशमा बाटोको म्यादबाहेक १५ दिनभित्र लिखित जवाफ पेस गर्न भनेको छ भने अन्तरिम आदेश दिने वा नदिने विषयमा छलफल गर्न आगामी भदौ ८ गते दुवै पक्षलाई बोलाइएको छ । लुम्बिनी प्रदेशसभाका मुख्यमन्त्री शङ्कर पोखरेल नेतृत्वको सरकारमा सहभागी भएपछि पार्टीबाट पदमुक्त भएका प्रदेशसभा सदस्यहरु सन्तोषकुमार पाण्डे, कल्पना पाण्डे लम्साल र विजयबहादुर यादव पुनर्बहालीको माग गर्दै यही साउन १५ गते रिट निवेदन दायर गरेका थिए ।

यसअघि अदालतको आदेशबाट उनीहरु पुनर्बहाली भएका थिए । यही साउन ११ गते निर्वाचन आयोगबाट जसपाका अध्यक्ष उपेन्द्र यादवले आधिकारिकता पाएपछि उनीहरु पुनः कारबाहीमा परेका हुन् ।

**अल्पकालीन आदेश**

# भूमि आयोग खारेजीको निर्णय रोक्नू

सर्वोच्च अदालतले भूमि सम्बन्धी आयोग खारेज गर्ने निर्णय तत्काल कार्यान्वयन नगर्न अल्पकालीन अन्तरिम आदेश दिएको छ ।

**विष्णुलक्ष्मी खरेल/मध्यान्ह**
काठमाडौं, २५ साउन ।


प्रधानमन्त्री शेरबहादुर देउवा नेतृत्वको सरकारले गरेको भूमि सम्बन्धी आयोग खारेजीको निर्णय तत्काल कार्यान्वयन नगर्न सर्वोच्च अदालतले अल्पकालीन अन्तरिम आदेश दिएको छ । न्यायाधीश ईश्वरप्रसाद खतिवडाको एकल इजलासले भूमी आयोग खारेज गर्ने निर्णय कार्यान्वयन नगर्न उक्त आदेश दिएको हो ।

"विघटित भूमीसम्बन्धी अभिलेख भौतिक स्रोतसाधन लगायत व्यवस्थापन सम्बन्धी कुरा अन्यथा परिवर्तन वा रुपान्तरण नगरी यथास्थितिमा कायम राख्नु भनी अल्पकालीन अन्तरिम आदेश जारी गरिएको छ", आदेशमा भनिएको छ । आदेशमा विवादित विषयको संवेदनशीलता र गम्भीरताका दृष्टिले दुवै पक्षसँग वृहत छलफल गर्नुपर्ने अदालतको ठहर छ। त्यसका लागि आगामी भदौ १ गते पेशी तोकिएको छ ।

विघटित भूमी आयोगका अध्यक्ष देवीप्रसाद ज्ञवालीका तर्फबाट अधिवक्ता महेश भट्टराई, अधिवक्ता प्रवेश केसीलगायतले प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रधानमन्त्री शेरबहादुर देउवालगायत विपक्षी बनाइ दायर गरेको रिट निवेदन प्रारम्भिक सुनुवाइपछि उक्त आदेश जारी भएको हो ।

रिट निवेदकहरूले भूमीसम्बन्धी समस्या समाधान आयोग खारेजीको निर्णय बदर गर्न माग गरेका थिए भने भूमीहिन दलितको संवैधानिक हक र भूमीहीन सुकुम्वासीको कानूनी मागलाई अनिश्चिततापूर्वक ढङ्गले अवरुद्ध गर्ने गरी भएको मन्त्रिपरिषद्को यही साउन १९ गतेको निर्णय

बाँकी पृष्ठ २ मा




# रोजगारदाता मुलुकले 'एप्रुभ' गरेको खोप कामदारलाई दिन माग

**मध्यान्ह संवददाता**
काठमाडौं, २५ साउन

नेपाल वैदेशिक रोजगार व्यवसायी संघका निवर्तमान अध्यक्ष रोहन गुरुङले कोरोना भाइरसविरुद्ध देश अनुसार फरक फरक खोप लगाउनुपर्ने बाध्यताले वैदेशिक रोजगारीमा जाने कामदारलाई झन्झट भएको भन्दै सकेसम्म सम्बन्धित मुलुकले मान्यता दिएको खोप नेपालमै उपलब्ध गराउने विषयमा पहल गर्नुपर्ने माग गरेका छन् ।

नेपालमा रहेका कतार, यूएई, साउदी अरब, मलेसियाजस्ता रोजगारदाता मुलुकका दूतावासहरुसँग संघले तत्काल छलफल तथा अनुरोध गरी समस्या समाधान गर्न सक्ने उनको धारणा छ ।

वैदेशिक रोजगारमा जाने युवा युवतीलाई नेपाल सरकारले सहज तरिकाले खोप दिने प्रयास गरेको भएपनि वैदेशिक रोजगारमा जाने कामदारहरुको लागि सम्बन्धित मुलुकको सरकारले अनुमोदन 'एप्रुभ' गरे अनुसारको भ्याक्सिन नेपालमै उपलब्ध गराउनु जरुरी रहेको गुरुङले बताए ।

यसका लागि व्यवसायीहरुको छातासंस्था संघले प्रभावकारी भूमिका खेल्न सक्नुपर्ने भन्दै संघका सल्लाहकारसमेत रहेका निवर्तमान अध्यक्ष गुरुङले रोजगारदाता मुलुकहरूले आफ्नो मुलुक प्रवेशका लागि अनुमति दिँदा अनेक खालका प्रावधान लागू गर्दा शिक्षा र चेतनाका दृष्टिले पछाडि रहेका नेपाली कामदारहरुलाई समस्या परिरहेको समेत दाबी गरे ।

'हाल फरक फरक देशले फरक फरक मापदण्ड लागू गरेको देखिएको छ', उनले भने, 'केही समयपछि भ्याक्सिनको तेश्रो वा चौथो डोज लगाएको क्युआर कोड अंकित प्रमाणपत्र माग्ने अवस्था पनि आउन सक्छ, नेपाल सरकारले वैदेशिक रोजगारीमा जानेलाई खोप दिन प्रयासरत रहेको देखिन्छ तर व्यवस्थित नहुँदा कामदारलाई भने असहज भइरहेको छ ।'

यसैबीच साउदी अरबले कोरोनाविरुद्धको

बाँकी पृष्ठ २ मा



**वैदेशिक रोजगार विशेष**

## यूएईमा बढ्न थाल्यो रोजगारीको माग

**तिलु शर्मा पौडेल/मध्यान्ह**
दोहा, कतार, २५ साउन

कोरोना भाइरस संक्रमणपछि खाडी मुलुक यूएईमा गैर तेल अर्थ ब्सबस्थामा उछाल आउन थालेको छ। मार्केट दुवई पर्चेजिङ म्यानेजर इण्डेक्स (पीएमआई) को रिपोर्टले यूएईमा विगत २० महिनाको अवधिमा तेल बाहेकको क्षेत्रमा रोजगारीको माग बढेको बताएको छ ।

गत जुन महिनामा ईण्डेक्स पीएमआई ५१ रहेकोमा जुलाईमा २.२ ले बढेर ५३.२ पुगेको भन्दै त्यसले रोजगारको अवसर बढाएको बताइएको छ। यूएईमा ट्राभल्स तथा टुरिजम, होलसेल तथा रिटेल र निर्माण क्षेत्रमा नयाँ रोजगारी सिर्जना भएको छ । त्यसमध्ये जुन महिनामा ट्राभल्स तथा टुरिज्म क्षेत्रमा बढी रोजगारी बढेको पीएमआईले देखाएको खालिज टाइम्सले उल्लेख गरेको छ ।

रोजगारीको अवसर सिर्जना भई विदेशी

बाँकी पृष्ठ २ मा

# प्रधानसेनापति कमाण्ड बलाधिकृतरथी शर्मालाई



**काठमाडौं/मस–** प्रधानसेनापति पूर्णचन्द्र थापाले बलाधिकृतरथी प्रभुराम शर्मालाई संगठनको कमाण्ड हस्तान्तरण गरेका छन् ।

सैनिक मुख्यालय जंगी अड्डामा सोमबार आयोजित कार्यक्रमा प्रधानसेनापति थापाले बलाधिकृतरथी शर्मालाई नेपाली सेनाको कमाण्ड बुझ-बुझारथ गरेका हुन् । सरकारको सिफारिशमा राष्ट्रपति विद्यादेवी भण्डारीले शर्मालाई मंगलबारदेखि लागू हुने गरी कायममुकायम प्रधानसेनापतिको जिम्मेवारी तोकिसकेका छन् । सेनाको परम्पराअनुरुप प्रधानसेनापति थापा आफ्नो तीनवर्षे कार्यकाल सकिनु एक महिनाअघि अर्थात् मंगलबारदेखि घरबिदामा रहने भएकाले सेनाको कमाण्ड शर्मालाई हस्तान्तरण गरिएको हो ।

कायममुकायम जिम्मेवारी तोकिनुभएका शर्माले आगामी भदौ २५ गतेदेखि नेपाली सेनाको ४४औं प्रधानसेनापतिका रुपमा सैनिक नेतृत्व सम्हाल्नेछन् ।

स्वदेशमा सबै व्यावसायिक तालिम प्राप्त बलाधिकृतरथी शर्माले भारतबाट राष्ट्रिय प्रतिरक्षा, संयुक्त राज्य अमेरिकाबाट आतंकवाद तथा सुरक्षा, थाइल्याण्ड र पाकिस्तानबाट प्रतिरक्षा एवं बङ्गलादेशबाट शान्ति सेनासम्बन्धी उच्चस्तरीय तालिम लिएका छन् ।

सेनाको अपरेशनल योजना निर्माण र कार्यान्वयन गर्ने युद्धकार्य महानिर्देशक, बलाधिकृत र बलाध्यक्ष दुवैको जिम्मेवारीमा रहेका शर्मा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय सुरक्षासम्बन्धी समसामयिक समस्या तथा चुनौतीबारे पूर्ण जानकार छन् ।

आफ्नो ३७ वर्षे लामो सैनिक सेवाका क्रममा गुल्म, गण, बाहिनी, पृतनालगायत जङ्गी अड्डास्थित सैनिक सचिव, भर्ना छनोट निर्देशक, नीति तथा योजना निर्देशक, सहबलाध्यक्ष, संभाररथीको जिम्मेवारी सफलतापूर्वक सम्पन्न गर्नुभएका कायममुकायम प्रधानसेनापति शर्मालाई नेपाली सेनाको हरेक जिम्मेवारीका बारेमा नजिकबाट अनुभव र ज्ञान छ । संयुक्त राष्ट्रसंघको शान्ति मिशनअन्तर्गत पूर्वी टिमोरमा गुल्म र कङ्गोमा गणको अन्तर ाष्ट्रिय कमाण्ड गर्ने अवसर प्राप्त गर्नुभएका शर्मा भारतमा सम्पन्न भएको नेपाल-भारत द्विपक्षीय सल्लाहकार समूहको भेलामा समेत सहभागी भएका थिए । बंगलादेशमा सैनिक सहचारीको कार्यभार उदाहरणीयरुपमा सम्हाली सकेका कारण उनको कार्यकालमा सेनाको सैनिक कूटनीतिमा उल्लेखनीय परिणाम आउने अपेक्षा गरिएको छ ।

त्रिभुवन विश्वविद्यालयबाट इतिहासमा एमए र भारतको मद्रास विश्वविद्यालयबाट प्रतिरक्षा तथा रणनीतिकशास्त्रमा एमफिल गर्नुभएका कारण शर्माले नेपालको मात्र नभएर विश्वको इतिहासलगायत राष्ट्रिय प्रतिरक्षा सम्बन्धमा गहन अध्ययनसमेत रहेका थिए ।

सरल स्वभाव, स्पष्ट अभिव्यक्ति र ठोस निर्णय गर्ने क्षमताका लागि परिचित रथी शर्माको मुख्य प्राथमिकता कोभिड-१९ का कारण प्रभावित तालिमलाई सञ्चालन गरी सेनाको अपरेशनल क्षमतालाई अभिवृद्धि गर्नु रहेको छ । भर्खरै लागू भएको सेनाको तीन जोड एक अवधारणाअनुसारको पुनःसंरचनालाई व्यवस्थित ढङ्गले कार्यान्वयनमा ल्याउनु पनि उनको प्रमुख कार्यभार रहनेछ । पूर्वप्रधानसेनापतिले शुरु गर्नुभएका असल कार्यक्रमको प्रभावकारिताको मूल्यांकन गर्दै निरन्तरता दिने र संस्थागत गर्न पनि उनले ध्यान केन्द्रित गर्नेछन् ।

# ऊर्जामन्त्रीसँग अमेरिकी राजदूतको शिष्टाचार भेट

**काठमाडौं/मस-**ऊर्जा, जलस्रोत तथा सिँचाइमन्त्री पम्फा भुसालसँग नेपालका लागि अमेरिकी राजदूत र्‍याण्डी बेरीले शिष्टाचार भेट गरेका छन् । मन्त्रालयमा सोमबार भएको भेटमा उनीहरूबीच आपसी हित र चासोका विषयमा छलफल भएको ऊर्जा मन्त्रीको सचिवालयले जानकारी दिएको छ ।



सो अवसरमा राजदूत बेरीले ऊर्जा एवं जलस्रोतका क्षेत्रमा नेपाललाई आफ्नो देशको आर्थिक तथा प्राविधिक सहयोग रहेको बताउँदै आगामी दिनमा थप सहकार्य हुने विश्वास व्यक्त गरे ।

अमेरिका मानव विकास संशाधन एवं बहुपक्षीय सहयोगमा सक्रिय रहँदै आएको उल्लेख गर्दै उनले जलवायु परिवर्तनका मुद्दामा थप सहकार्य गर्ने विश्वास व्यक्त गरे । राजदूत बेरीले ऊर्जाको विकासका लागि मिलिनियम च्यालेञ्ज कर्पोरेशन( एमसिसी) महत्वपूर्ण रहेको उल्लेख गर्दै त्यसलाई अगाडि बढाउन पहल गरिदिन आग्रह गरे । एससिसी नयाँ कार्यक्रम नभएको र यस विषयमा आफूहरू स्पष्ट पार्न तयार रहेको बताउँदै भने, 'एमसिसीबारे कुनै पनि कुरा प्रष्ट पार्न हामी तयार छौँ, यसको उद्देश्य सीप र ज्ञान हस्तान्तरण गर्नु हो ।' जवाफमा मन्त्री भुसालले नेपालको विकास निर्माण र विपद्का बेला अमेरिकी सरकार र जनताले पुर्‍याएको सहयोगप्रति धन्यवाद व्यक्त गरिन् । उनले भनिन्, 'अमेरिकी सरकारले कोभिड-१९ विरुद्धको खोप उपलब्ध गराएर सहयोग गरेको छ, त्यसप्रति हार्दिक धन्यवाद छ ।' एमसिसीबारे राजदूतले गरेको आग्रहप्रति मन्त्री भुसालले जनता र राष्ट्रको हितमा नेपालले सहयोग स्वीकार गर्ने बताइन् ।

उनले भनिन्, 'एमसिसीको विषयमा पार्टी, सरकार र संसद्ले निर्णय लिन्छ, त्यो विषयमा उपयुक्त समयमा छलफल होला ।' जलवायु परिवर्तनका विषयमा अमेरिकी सरकारले गरेका निर्णयले विश्वलाई फाइदा पुग्ने बताउँदै मन्त्री भुसालले जलवायु परिवर्तनका असर न्यूनीकरणका लागि विश्व एकजुट हुनुपर्ने बताइन् ।

## अल्पकालीन...

कार्यान्वयन नगर्न आदेशको माग गरिएको छ ।

आयोग खारेज हुंदा भूमीहीन दलित, सुकुम्वासी र अव्यवस्थित बसोबासीलाई निर्धारित गर्ने प्रक्रियामा अवरोध पुगेको उल्लेख छ । उक्त विवादमा विभिन्न चार रिट निवेदन परेको थियो । गएको वैशाखमा नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओली नेतृत्वको सरकारले भूमि सम्बन्धी आयोग गठन गरेका थिए ।

आयोगमा एमाले नेता ज्ञवालीलाई नियुक्त गरेर देशभर आयोगमा पदाधिकारी नियुक्त गरिएको थियो । तर सत्तारुढ गठबन्धनका दलहरु नेपाली कांग्रेस, नेकपा माओवादी केन्द्र, जनता समावादी पार्टी (जसपा), एमालेकै बरिष्ठ नेता माधवकुमार नेपाल समूह र राष्ट्रिय जनमोर्चाका नेताहरुले भने भूमि आयोगमा ओलीले आफ्नो कार्यकर्ता मात्रै भर्ति गरेको आरोप लगाउँदै आएका थिए ।

देशभर ओलीले आफू निकट कार्यकर्तालाई जागिर खुवाउन मात्रै आयोग गठन गरेकाले खारेज गर्नुपर्ने सत्ता गठबन्धनका नेताहरुको जोड थियो । त्यसैअनुसार, प्रधानमन्त्री देउवाले भूमि आयोग खारेज गर्ने निर्णय गरेका थिए । भूमि आयोग खारेजीको विरोधमा एमालेका नेता एवम् कार्यकर्ताले देशभर विरोध जनाइरहेका छन् ।

एमालेको विभिन्न जनसंगठनले राजधानी उपत्यका सहित प्रदर्शन गरिहेका छन् । आइतबार मात्रै नेपाल भूमिहीन सुकुम्बासी संगठनले प्रदर्शन गरेको छ । सांसद शान्ता चौधरीको नेतृत्वमा निस्किएको प्रदर्शनले भूमि आयोग पुनर्स्थापनाको माग गरेका छन् ।

एमालेका अन्य जनसंगठनहरुको माग पनि भूमि आयोग पुनर्स्थापना नै हो । एमालेले बक्तव्य नै जारी गरेर भूमि आयोग खारेजीप्रति आपत्ति जनाएको थियो । प्रवक्ता प्रदीप ज्ञवालीले जारी गरेको बक्तव्यमा वर्तमान सरकारले संविधान प्रदत्त नागरिकको अधिकार खोस्ने मनसायले भूमि आयोग खारेज गरेको आरोप लगाएको थियो ।

## रोजगारदाता ...

भेरोसेल खोपलाई पनि आफ्नो देशमा मान्यता दिएको छ । यसअघि साउदी अरबले जोन्सन एण्ड जोन्सन, सिनोभ्याक, फाइजर, अक्सफोर्ड एस्ट्राजेनेका र मोडर्ना गरी पाँच प्रकारका खोपलाई मान्यता दिएको थियो । साउदी सरकारको नयाँ निर्णयले वैदेशिक रोजगारमा जाने नेपाली कामदार हरुलाई केही सहज हुने अपेक्षा बढेको छ । हाल रोजगारीमा जानेले जोनसन एण्ड जोनसन खोपको माग गर्ने गरेका छन् ।

## यूएईमा...

कामदारहरको माग बढेपछि उक्त मुलुकले आफ्नो मुलुक आउने विदेशीलाई केही सहज गराएको छ । नेपालीलाई अनिवार्यरुपमा १० दिन होम क्वारेन्टिन बस्नुपर्ने नियम छ । लामो समय जोखिमयुक्त मुलुकको सूचीमा राखेको यूएईले गत मंगलबार नेपालसहित ६ देशका यात्रुलाई सशर्त प्रवेश अनुमति दिने निर्णय गरेको थियो ।

यूएईले कोरोना भाइरस (कोभिड-१९) विरुद्धको खोपको दोस्रो डोज लगाएको १४ दिनपछि मात्र आफ्नो देशमा प्रवेश गर्न पाउने बताएकोमा यूएईको सिभिल एभिएसन अथोरिटीले त्यसमा थप प्रष्ट पार्दै नेपालीले यूएई प्रवेश गरेपछि विमानस्थलमा पीसीआर परीक्षण गरी कम्तीमा दश दिन होम क्वारेन्टिनमा बस्नुपर्ने बताएको छ । नेपालबाट जाँदा ७२ घण्टा अघिको पीसीआर परीक्षणको नेगेटिभ रिपोर्ट हुनुपर्ने नियम छ ।


**Karnali Province Government**

**Ministry of Physical Infrastructure and Urban Development**

**Infrastructure Development Directorate**

**Infrastructure Development Office**

**Simikot Humla**

## Invitation for Online Bids

**Date of First Publication: 2078/04/26 (10th Aug, 2021)**

1. Infrastructure Development Office (IDO), Karnali Province, Humla invites Open Competitive Bidding from the eligible bidders for the construction of differents road works given in table below under National Competitive Bidding Procedures.

| S. N | Contract Identification Number/Work Description | Estimated Amount excluding VAT (NRs.) | Bid Validity/Bid Security Validity Period | Bid Security Amount (NRs) | Bid Document Fees (NRs) |
|---|---|---|---|---|---|
| 1 | IDO/HUMLA/W/NCB/01/2078-079, Upgrading and Improvement of Shreenagar (Kalkhe)-Sirupata-Gothelwada-Maila Road (Ghattekhola-Gothelwada Section) | 85,40,129.88 | 90 Days / 120 Days From Bid Openning Date | 2,80,000.00 | 3000.00 |
| 2 | IDO/HUMLA/W/NCB/02/2078-079, Construction of Sarkegad-Barai-Chhyangi-Guisi Road (Chhyangi-Barai Section) | 85,43,559.62 | 90 Days / 120 Days From Bid Openning Date | 2,80,000.00 | 3000.00 |
| 3 | IDO/HUMLA/W/NCB/03/2078-079, Upgrading and Improvement of Shreenagar(Kalkhe)-Sirupata-Gothelwada-Maila Road(Paima-Sirupata Section) | 85,43,547.96 | 90 Days / 120 Days From Bid Openning Date | 2,80,000.00 | 3000.00 |
| 4 | IDO/HUMLA/W/NCB/04/2078-079, Construction of Yangchubagar-Lali-Sunekhada Road | 85,33,385.89 | 90 Days / 120 Days From Bid Openning Date | 2,80,000.00 | 3000.00 |
| 5 | IDO/HUMLA/W/NCB/05/2078-079, Upgrading and Improvement of Shreenagar(Kalkhe)-Sirupata-Gothelwada-Maila Road(Thulamela-Ghattekhola Section) | 85,41,708.73 | 90 Days / 120 Days From Bid Openning Date | 2,80,000.00 | 3000.00 |
| 6 | IDO/HUMLA/W/NCB/06/2078-079, Construction of Khachchanauli-Jaira Road | 64,92,793.97 | 90 Days / 120 Days From Bid Openning Date | 2,20,000.00 | 3000.00 |
| 7 | IDO/HUMLA/W/NCB/07/2078-079, Construction of Bajura Kawadi-Tanjakot-Adanchuli-Sarkegad Road (Siyalikhola-Bhadaldipu Section) | 84,82,940.41 | 90 Days / 120 Days From Bid Openning Date | 2,80,000.00 | 3000.00 |
| 8 | IDO/HUMLA/W/NCB/08/2078-079, Construction of Tirthasaina-Baldekhola-Kalkhe-Ga Pa Centre Road | 85,39,295.09 | 90 Days / 120 Days From Bid Openning Date | 2,80,000.00 | 3000.00 |

2. Addendum (if any), Information on Pre-bid meeting, Letter of Intent, Letter of Acceptance or any other documentation/notification pertaining to this procurement notice and that must be disclosed to the bidders as per prevailing rules and regulations will be uploaded in E-procurement section of PPMO's web Site http://www.bolpatra.gov.np/egp. and also e-mailed to the bidders. So, the bidders must mention in their bids the correct email addresses which are presently in use. No more publication, after this, will be made in National newspaper, whatsoever.
3. For further information visit PPMO´s website http://www.bolpatra.gov.np/egp.
4. Information to deposit the cost of bidding document and bid security in bank is as follow respectively:
   **Name of the Bank:** Rastriya Banijjya Bank Simkot Humla
   **Revenue Account Number:** 10002000100006
   **Name of Office:** Infrastructure Development Office, Simkot, Humla
   **Rajaswo Shirshak (revenue) Number:** 14229
   **Security Account Number:** 4190100202030000
   **Office Code Number:** 3370164016
5. Pre-bid meeting will be held in Infrastructure Development Office , Karnali Province, Humla at 12.00 hrs on 2078/05/13 or (2021-08-29)
6. Electronic bids must be submitted to the Infrastructure Development Office, Humla electronically through PPMO website http://www.bolpatra.gov.np/egp on or before 12:00 hrs of 2078/05/25 "or" 2021-09-10. Bids received after this deadline will be rejected.
7. The bids will be opened electronically at 14:00 hours on 2078/05/25 "or" 2021-09-10 in the presence of the bidders' representatives who choose to attend in Infrastructure Development Office , Karnali Province, Humla.
8. If the last date of pre-bid meeting, purchasing and /or submission falls on a government holiday, then the same time on same as specified for the original last date of bid submission.
9. Matters not covered in this tender notice shall be in accordance with Public Procurement Act 2063 and Public Procurement Regulation, 2064 and others prevailing rules and regulation of Nepal

**Office Chief**



नयाँ सडक आसपास क्षेत्रमा अनाधिकृत रुपमा पार्किङ गरिएका मोटरसाइकल नियन्त्रणमा लिदै सुरक्षाकर्मी । तस्वीर : रासस

# शुक्लाफाँटा र बेल्डाँडीका महिला जनप्रतिनिधिहरुलाई नेतृत्व विकास तालिम

**गोमती पाल/मध्यान्ह**
महेन्द्रनगर, २५ साउन



कञ्चनपुरका दुई स्थानीय तहका महिला जनप्रतिनिधिहरुको नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम शुरु भएको छ । मानव अधिकारका लागि एकल महिला समूह कञ्चनपुरले नेपालमा सिमान्तकृत महिलाको आवाज र सहभागिता परियोजना अन्तर्गत शुक्लाफाँटा नगरपालिका र बेलडाँडी गाउँपालिकाका महिला जनप्रतिनिधिहरुका लागि तीन दिने नेतृत्व विकास तथा क्षमता अभिवृद्धि तालिम सञ्चालन गरेको हो ।

सो तालिमको सुदूरपश्चिम प्रदेश सरकारका सामाजिक विकास मन्त्री लाल बहादुर खड्काले उद्घाटन गरेका छन् । उनले तीन तहका सरकारमध्ये स्थानीय तह सशक्त भएको उल्लेख गर्दै निर्वाचित महिला जनप्रतिनिधिहरुको भूमिका परिभाषित गरी सशक्त बनाएकाले तालिमले आफ्नो भूमिका महत्वपूर्ण बनाउन सहयोग पुग्ने विश्वास व्यक्त गरे ।

कार्यक्रमका विशिष्ठ अतिथी प्रदेश सरकारका भूमि व्यवस्था तथा कृषि सहकारी राज्यमन्त्री मान बहादुर सुनारले सिमान्तकृत महिलाका लागि एकल महिला समूहले उल्लेखनीय काम गरेको उल्लेख गर्दै मन्त्रालयले पनि एकल महिला, दलित महिला, अपाङ्गता भएका महिलाका लागि कार्यक्रमको कार्यविधि बनाउन थालिएको बताए ।

प्रदेश सरकारका पूर्व उद्योग, वन, वातावरण तथा पर्यटन राज्यमन्त्री प्रकाश रावलले संघीय लोकतान्त्रिक गणतन्त्र नेपालको संविधानले महिलाहरुको सहभागिता सुनिश्चित गरेकाले एकल महिलाको सामुदायिक भवन निर्माणका लागि १० लाख बजेट विनियोजन गरिएको बताए ।

सुदूरपश्चिम प्रदेश सभाको सामाजिक विकास समितिका सभापति कुन्ती जोशीले तालिमबाट महिला नेतृत्वलाई कम्जोर ठान्ने प्रवृत्तिलाई चुनौती दिएको बताइन् ।

'विभेदको प्रदेश भनेर चिनिएको सुदूरपश्चिम प्रदेशका महिला नेतृहरु पनि विकास निर्माण, नेतृत्व क्षमता प्रदर्शन गर्नका लागि सशक्त छन्,' उनले भनिन् ।

तालिममा नेतृत्व र नेतृत्वको प्रकार, नेतृत्व गर्ने तरिका तथा नेतृत्वका गुणहरु, स्थानीय तहमा योजना तर्जुमा र यसका सात चरणहरु, लैङ्गिक उत्तरदायी बजेट, पैरवी/जनवकालत र यसका चरणहरु, बक्तृत्वकला तथा राम्रो वक्ता बन्ने तरिका, न्यायिक समितिको काम कर्तव्य र अधिकार क्षेत्र, मेलमिलाप र यसको प्रक्रिया, न्यायिक समितिको न्याय सम्पादन प्रक्रिया, सञ्चार सीप र प्रभावकरी सञ्चार तथा लिङ्ग, लैङ्गिकता र महिला हिंसासँग सम्बन्धित कानूनी व्यवस्था लगायतका विषय समावेश गरिएका छन् ।

मानव अधिकारका लागि महिला एकल महिला समूह कञ्चनपुरका अध्यक्ष जानकी जोशीको अध्यक्षतामा कार्यक्रम गरिएको हो । कार्यक्रम सञ्चालन सचिव रमा पन्तले गरेकी थिइन् । कार्यक्रममा समूहका सदस्य चन्द्रा खडायतले स्वागत गरेकी थिइन् ।

संस्थाका जिल्ला कार्यक्रम संयोजक बीर बहादुर नेपालीले कार्यक्रमको उद्देश्यमाथि प्रकाश पारेका थिए । अधिवक्ता गणेश कडायतले तालिम सहजीकरण गरेका थिए ।

# साइबर अपराधबाट बच्न इन्टरनेटको सही सदुपयोग गर्न आग्रह

**पवन जायसवाल/मध्यान्ह**
नेपालगन्ज, २५ साउन




बाँकेको राप्तीसोनारी गाउँपालिकामा आयोजित एक तालिमका सहभागीले साइबर अपराधबाट बच्न इन्टरनेटको सही सदुपयोग गर्नुपर्नेमा जोड दिएका छन् ।

प्लानइन्टरनेशल नेपालको सहयोगमा राप्तीसोनारी गाउँपालिका वडा नं.३ को समन्वय र स्याक नेपालको आयोजनामा किशोरी क्लबका पदाधिकारीका लागि दिइएको प्रविधिको सुरक्षित प्रयोग साइबर कानूनकाबारे दुई दिने तालिममा सहभागीले सो कुरामा जोड दिएका हुन् । प्राविधिक तालिमका प्रशिक्षक नेपाल युवा परिषद प्रदेश नं.५ का संयोजक सोम गुरुङले कम्प्युटरका आधारभुत जानकारी गराउनुका साथै सामाजिक सन्जालबाट कसरी सुरक्षित रहने र साइबर कानून, साइबर अपराधबारे पनि प्रशिक्षण दिएका थिए । सामाजिक सञ्जालको फाइदा र बेफाइदाका बारेमा पनि उनले जानकारी दिएका थिए ।

साथै स्याक नेपालका सुपरभाइजर धनकुमारी थारुले लैगिंक हिंसा र बालविवाह रोक्ने उपायहरुका बारेमा जानकारी गराएका थिइन् । साथै उनले सो तालिममा बालविवाह सम्बन्धि कानूनी व्यवस्था र यौंन हिंसा रोकथाममा किशोर किशोरीको भूमिकाको महत्व रहेको बताइन् ।

राप्ती सोनारी गाउँपालिका वडा नं.३ का सहभागी किशोरी यमु थारुले आफूले यस तालिममा साइबर अपराध भनेको के हो ? साइबर अपराधबाट कसरी बच्न सकिन्छ भन्नेबारे जानकारी पाएको बताइन् । यसरी अर्का सहभागी सामना थारुले सामाजिक सन्जालबाट कसरी सुरक्षित हुन सकिन्छ भन्नेबारे थाहा पाएको बताइन् ।

समाजमा बालबिवाहले पार्ने नकारात्मक प्रभाव र कानूनी ब्यवस्थाका बारेमा जानकारी गराई बालविवाह रोक्न अभिप्रेरित गर्ने, बालमैत्री र लैंगिक मैत्री वातावरण संचालन गर्नमा मद्धत पुग्ने लगायतका उदेश्यका साथ तालिमको आयोजना गरिएको स्याक नेपालका परियोजना प्रबन्धक जगदीश थापाले जानकारी गराएका थिए ।

उनले बाँकेको आठवटै स्थानीयतहलाई स्याक नेपालले बालविवाह मुक्त वडा बनाउन रणनिति बनाई रहेको छ र स्थानीय सरकारसंग समन्वय र सहकार्य गरी कार्य गरेको जानकारी दिएका थिए । सो २ दिने प्राविधिक तालिममा राप्ती सोनारी गाउँपालिकाका वडा नं. ३ का किशोरीहरुको सहभागिता रहेको थियो ।

# भक्तपुरका विद्यालय खुल्दै

**दिपेन्द्र श्रेष्ठ/मध्यान्ह**
भक्तपुर, २५ साउन

भक्तपुरका अधिकांश सरकारी विद्यालयहरुमा अहिले धमाधम पहिलो त्रैमासिक परीक्षा चलिरहेको छ । कोरोनाको जोखिमलाई भौतिक दुरी कायमगरी परीक्षा सञ्चालन गरिएको एक शिक्षकले बताए ।

पछिल्लो समय काठमाडौं उपत्यकामा कोरोनाको संक्रमण बढ्दै गइरहेको छ ।

नगर शिक्षा शाखाका प्रमुख कृष्ण कर्माचार्यले भक्तपुरका सम्पुर्ण विद्यालयमा प्रथम त्रैमासिक परीक्षा अनलाइनद्वारा सञ्चालन गर्ने र कुनैपनि पहुँच नहुने विद्यार्थीहरुलाई विद्यालयमै उपस्थित गराइ भौतिक दुरी कायमराखी प्रश्नपत्र र उत्तरपुस्तिका वितरण गर्ने निर्णय गरेको बताए ।

उनले केहि विद्यालयले अटेर गरी परीक्षा सञ्चालन गरेको भए सोको जिम्मेवार आफैंले बेहोर्नुपर्ने बताए । अभिभावक सुब्बा लामा भन्छन्, 'यस्तो महामारीको समयमा पनि परीक्षा दिन विद्यालय पठाइराखेका छौं । परीक्षा दिने बेला नपठाए फेल गरिदिन्छन् ।' बच्चाहरुले पढे पनि नपढेपनि महिना फि तिरिरहनुपर्छ यहाँका अधिकांश विद्यालयहरुमा महिना फि र भर्ना फि तिर्नुपर्छ ।

# कोरोना परीक्षणको क्षमता बढाउन समितिको निर्देशन



**काठमाडौं/मस–** संघीय संसद्, राज्यका निर्देशक सिद्धान्त, नीति र दायित्वको कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन समितिले कोभिड-१९ संक्रमण जोखिम नियन्त्रण र रोकथामका लागि गुणस्तरीय उपचार र परीक्षणको राष्ट्रिय क्षमता बढाउन स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई निर्देशन दिएको छ ।

कोरोना संक्रमण जोखिम नियन्त्रण, उपचार व्यवस्थापनबारे स्वास्थ्य सेवा विभागका पदाधिकारीसँग जानकारी लिएपछि समितिले खोपको अनियमितता भएको सम्बन्धमा आएका सूचनाका आधारमा छानबिन गरी दोषीलाई कानूनी दायरामा ल्याउन निर्देशन भएको सभापति निरादेवी जैरुले जानकारी दिइन् । स्वास्थ्य सेवालाई सर्वशुलभ, समान पहुँच र सरल बनाउन जोड दिँदै बैठकले स्वास्थ्य सेवा र स्वास्थ्यकर्मीको स्तरोन्नति गर्दै अघि बढ्न पनि समितिले निर्देशन दिएको छ । सो अवसरमा स्वास्थ्य विभागका तर्फबाट अबको पाँच महिनामा एक लाख ९३ हजार ८ ५६ नयाँ संक्रमित थपिने सम्भावनाको आँकलन प्रस्तुत गरिएको थियो । त्यसमध्ये ३८ हजार ७७१ जनालाई उपचार सेवा र नौ हजार ६९३ जनालाई सघन उपचार आवश्यक पर्ने सो अवसरमा जानकारी दिइएको थियो ।

यसअघि बैठकमा स्वास्थ्य विभागका महानिर्देशक डा तारानाथ पोखरेल मुलुकका ९६ वटा पिसीआर केन्द्रबाट कूल जनसंख्याको १३.५ प्रतिशत जनताको कोरोना परीक्षण भएको जानकारी दिए । हालसम्म ३९ लाख ८१ हजार ५९५ परीक्षण भएकामा पिसीआर ३६ लाख ४४ हजार ४७२ र एन्टिजेन ३ लाख ३६ हजार ८२३ भएको छ । कोभिड-१९ संक्रमण कूल जनसंख्याको २.६ प्रतिशत अर्थात सात लाख ६९ हजार ९२२ पत्ता लागेको जानकारी दिइएको थियो । कोरोना संक्रमितमध्ये मृत्यु अनुपात १.३ प्रतिशत अर्थात् नौ हजार ९५७ को साउन २० गतेसम्म मृत्यु भएको उनले बताए । साउन २० गतेसम्म पहिलो मात्र खोप ४२ लाख ९७ हजार ६१२ जनाले प्राप्त गरेको तथा पूर्ण खोप प्राप्त गर्ने नागरिकको संख्या २० लाख ७४ हजार रहेको बैठकमा जानकारी दिइएको थियो ।

साउन २० गते उपचाररत संक्रमितमध्ये घर आइसोलेशनमा ३० हजार २७०, संस्थागतमा तीन हजार १९४, आइसीयुमा ७१४ र भेन्टिलेटरमा १५६ जना रहेको तथ्यांक प्रस्तुत गरियो । आइसीयु कक्ष संख्या दुई हजार ६०० बाट बढाएर तीन हजार पुऱ्याइएको र ६३० थप प्रक्रियामा रहेको तथा भेन्टिलेटरको संख्या पनि एक हजार ८० पुऱ्याउने कार्य प्रक्रियामा रहेको जानकारी दिइएको थियो ।

**रौतहट डायरी**
**इसत्याक अहमद/मध्यान्ह**

# रौतहटमा झण्डै १० लाख नक्कली नोटसहित तीन जना पक्राउ



रौतहटबाट प्रहरीले ९ लाख ९३ हजार रुपैयाँ नक्कली नोटसहित तीन जनालाई पक्राउ गरेको छ ।

रौतहट जिल्लाको इशनाथ नगरपालिका-४ कालिमन्दिर नजिकबाट ९ लाख ९३ हजार रुपैयाँ नक्कली नोटसहित आइतबार साँझ प्रहरीले पक्राउ गरेको हो । पक्राउ पर्नेमा धनुषा बट्टेश्वर गाउँपालिका-४ बस्ने ३८ वर्षीय शत्रुधन वरई ठाकुर, महोत्तरी बर्दिवास नगरपालिका-९ बन्द्रा पशुपतिनगर बस्ने ३० वर्षीय रन्जित महतो र महोत्तरी भङ्गाह नगरपालिका-४ प्रेमनगर बस्ने २५ वर्षीय दिपेन्द्र कुमार महतो रहेका छन् । पैदल तथा सवारी साधनबाट आवत जावत गर्ने मानिसहरुलाई रोकी चेकजाँच गर्ने क्रममा भारतबाट नेपालतर्फ पैदल आउँदै गरेका उनीहरुलाई प्रहरी चौकी मठियाबाट खटिएको प्रहरीले चेकजाँच गर्ने क्रममा नेपाली रुपैयाँ १ हजार दरको उक्त नक्कली नोटसहित फेला पारेको जिल्ला प्रहरी कार्यालय रौतहटका एसपी सिद्धि बिक्रम साहले जनाएका छन् । पक्राउ परेका उनीहरुमाथि थप अनुसन्धान भइरहेको एसपी साहले मध्यान्हलाई जानकारी दिए ।

**रौतहटमा पिकअप भ्यान दुर्घटना, १ जनाको मृत्यु**

रौतहटको चन्द्रपुर १ स्थित नुनथर नहरमा पिकअप भ्यान अनियन्त्रित भई दुर्घटना हुँदा एक जनाको मृत्यु भएको छ । दुर्घटनामा एक जना बेपत्ता भएका छन् । बाराको काजघाँटमा रहेको महादेब मन्दिरमा जल चढाउन नुनथर स्थित बाग्मती नदीबाट जल लिएर फर्कंदै गरेका यात्रु बोकेको ना ५ च ३१६६ नम्बरको बोलेरो जीप अनियन्त्रित भई नहरको ५० मिटर तल पानीमा खस्दा दुर्घटना भएको हो ।

दुर्घटनामा परी बाराको गढिमाई नगरपालिका निवासी ४५ वर्षीया मिना देवी कोईरीको घटनास्थलमै मृत्यु भएको छ भने बारा जिल्ला बोधीवन नगरपालिका निवासी ६५ वर्षीया सुनरी देवी मुखिया बेपत्ता भएको ईलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरले जनाएको छ ।

दुर्घटनामा परेका १८ जनाको उद्धार गरिएको र घाइते भएका पाँच जनाको चन्द्रनिगाहपुर अस्पतालमा उपचार भइरहेको प्रहरीले बताएको छ । बेपत्ताको खोजीकार्य जारी रहेको प्रहरीले जानकारी दिएको छ । प्रहरीले खोजीकार्यमा सहयोग गरिदिन स्थानीयलाईसमेत आग्रह गरेको छ । इलाका प्रहरी कार्यालय चन्द्रनिगाहपुरका प्रहरी नायब उपरीक्षक लिलाराज लामिछानेले दुर्घटना भएको गाडी र चालकलाई नियन्त्रणमा लिइएको जानकारी मध्यान्हलाई जानकारी दिए ।

# प्रविधि प्रयोग गरेर अपराध नियन्त्रण गर्ने प्रदेश १ प्रहरीको योजना

**तेजबहादुर बन/मध्यान्ह**
इटहरी, २५ साउन



प्रदेश १ मा प्रविधिको प्रयोग गरेर समाजमा दखल पुऱ्याउने खालका अपराध बढ्न थालेको प्रदेश नम्बर १ प्रहरी कार्यालय विराटनगरका प्रमुख प्रहरी नायव महानिरीक्षक (डीआइजी)अरूण कुमार विसीले बताएका छन् ।

मोरङको सुन्दरहरैचा नगरपालिकामा आयोजित एक कार्यक्रममा प्रहरी प्रमुख विसीले सो कुरा बताएका हुन् । प्रदेश १ मा प्रविधिको प्रयोग गरी भित्र भित्रै खेलिने जुवाजन्य खेलले समाजलाई नकारात्मक असर पुगिरहेको बताउँदै डीआइजी विसीले यस्ता अपराध रोक्न प्रहरीलाई भरपर्दो प्रविधिसँगै तालिम र पूर्वाधारको आवश्यकता रहेको बताए ।

उनले भने, 'प्रविधिबाट हुने अपराध रोक्न प्रविधि नै चाहिन्छ तर हामीसँग पर्याप्त प्रविधिसँगै पूर्वाधार नहुँदा अपराध अनुसन्धानमा बाँधा पुग्दै आएको छ ।' मुलुक अहिले कोरोना संक्रमणबाट ग्रस्त छ त्यसैले जम्मा नभइ परपरै बसेर प्रविधिको प्रयोग गरी जुवाजन्य खेलहरू हुने गरेको प्रहरीले अनुसन्धानबाट पत्ता लगाएको छ । तर त्यस्ता प्रकारका अपराध न्यूनिकरणका लागि प्रविधि र पूर्वाधार पर्याप्त मात्रामा नभएको डीआइजी विसीको भनाइ छ । समाजमा अहिले कोरोना संक्रमण संगै प्रविधिसँग जोडिएर अपराध योजनाहरू बन्न गरेको तथ्य भेटिएको पनि उनको भनाइ छ ।

यसैबीच मोरङको सुन्दर हरैंचामा गत साउन एक गते भएको एक सुन पसल लुटपाट प्रकरणमा संलग्न अभियुक्तहरूलाइ पक्राउ गर्न महत्वपूर्ण भुमिका निर्वाह गर्ने जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रमुख एसपी जनार्दन जिसीसहित पाँच जना प्रहरी अधिकारीहरूलाई सुन्दरहरैँचा नगरपालिकाले नगदसहित सम्मान गरेको छ । सम्मानित हुनेहरूमा मोरङ प्रहरी प्रमुख जिसीसहित मोरङ प्रहरीकै प्रहरी नायव उपरीक्षक मञ्जीत मुकारुङ, इलाका प्रहरी कार्यालय बेलवारीका प्रमुख प्रहरी निरिक्षक सरोज खनाल, प्रहरी नायव निरीक्षक दुर्गा पोमो र प्रहरी जवान हेमराज तामाङ रहेका छन् । उनीहरूलाई सुन्दरहरैँचा नगरपालिकाले नगद रू.५ हजारका दरले सम्मानपत्र र दोसल्ला ओढाएर सम्मान गरिएको थियो ।

समाजमा शान्ति सुरक्षा कायम गर्न ज्यानको बाजी राखेर अपराध अनुसन्धानमा सकृय भूमिका निर्वाह गरेको र सुन्दरहरैचाकै सुन पसल लुटपाट प्रकरण घटनाको तीब्र अनुसन्धानसँगै अभियुक्तलाई समात्न महत्वपूर्ण भुमिका निर्वाह गरेको भन्दै जिल्ला प्रहरी कार्यालय मोरङका प्रहरी प्रमुख जिसीसहित ५ जना प्रहरीलाई सोमबार नगदसहित सम्मान गरिएको सुन्दरहरैचा नगरपालिकाका नगरप्रमुख मेयर शिवप्रसाद ढकालले मध्यान्हलाई जानकारी दिए ।

सम्मान कार्यक्रममा नगरपालिकाका प्रमुख शिवप्रसाद ढकाल, उपप्रमुख धनमाया तामागं, प्रमुख प्रशासकीय अधिकृत डा.कृष्णवहादुर घिमीरे लगायत जनप्रतिनिधिहरुले यस्तो सम्मान कार्यक्रमबाट प्रहरीहरूको मनोवल उच्च रहने धारणा व्यक्त गरेका थिए । गत साउन १ गते सुन्दरहरैचा नगरपालिका १ स्थित शिव पञ्चायन ज्वेलर्समा स्वचालित हतियारसहित लुटपाटको प्रयास भएको थियो । घटना भएको १३ दिनपछि प्रहरीले संलग्न ६ जनालाई पक्राउ गरी सार्वजनिक गरेको थियो ।

## सम्पादकीय

# अलोकतन्त्रको यात्रा

प्रमुख विपक्षी दल नेकपा एमालेको केन्द्रीय कमिटीले पार्टी विधान संशोधनको प्रस्ताव पारित गरेको छ । आगामी भदौ २७–२८ गते निर्धारित विधान संशोधनका निम्ति एमालेले विधान संशोधन प्रस्ताव तयार पारेको हो । सोमबार बसेको स्थायी कमिटीले ल्याएको प्रस्ताव केन्द्रीय कमिटी बैठकले अनुमोदन गरेको छ । अनुमोदित प्रस्तावअनुसार, अब एमालेमा अध्यक्ष बाहेक पदाधिकारी महाधिवेशनबाट प्रत्यक्ष निर्वाचित हुने छैनन् । महाधिवेशनले अध्यक्ष र केन्द्रीय सदस्यहरू महाधिवेशन हलबाट निर्वाचित गर्नेछन् भने बाँकी पदाधिकारी केन्द्रीय कमिटीले चयन गर्नेछ । दशौं महाधिवेशनका लागि संशोधन गरिएको विधानमा पदाधिकारी संख्या पनि हेरफेर गरिएको छ । प्रस्तावअनुसार दुई उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव र सात सचिव हुनेछन् । अर्थात् १२ पदाधिकारी केन्द्रीय कमिटीले चयन गर्नेछ ।

आठौं महाधिवेशन देखि बहुपदीय प्रणालीमा गएको एमालेमा एक अध्यक्ष, पाँच उपाध्यक्ष, एक महासचिव, दुई उपमहासचिव र पाँच सचिव थिए । तर संशोधित विधान पारित भएमा उपाध्यक्षको संख्या घट्नेछ भने सचिवको संख्या बढ्नेछ । पदाधिकारी संख्या हेरफेर भन्दा पनि महत्वपूर्ण प्रस्तावमा पदाधिकारी महाधिवेशन हलबाट निर्वाचित हुनेछैन । सँगै, बरिष्ठ नेताको पद पनि नरहने भएको छ । बहुपदीय प्रणालीमा गएको एमाले निवर्तमान नेतृत्वलाई बरिष्ठ नेताको पद दिने गरेको थियो । तर आठौं महाधिवेशनमा अध्यक्ष पराजित भएपछि केपी शर्मा ओलीकै लागि तेस्रो बरियतामा रहनेगरी बरिष्ठ सम्मान दिइयो । नवौं महाधिवेशनमा पराजित माधव नेपाल पनि बरिष्ठ नेता मनोनित छन् । विधानतः झलनाथ खनाल बरिष्ठ नेता हुन् ।

विधान संशोधन गरिनुपर्ने कारण चाहिँ नेतृत्वले काम गर्न नसकेको देखाइएको छ । यस्तो निष्कर्षमा एमाले अध्यक्ष ओली पुग्नुमा भने अहिलेको संरचनाले पनि काम गरेको हुनसक्छ । किनकि पदाधिकारीमा माधव नेपाल समूहको पनि उत्तिकै उपस्थिति छ । अध्यक्ष ओलीसँग बहुमत छैन । त्यसैले शक्तिशाली अध्यक्षको प्रस्ताव विधानमा ल्याउने तयारी भएको छ । संभवतः अध्यक्ष ओलीको प्रस्ताव केन्द्रीय कमिटीले संशोधन गर्न सकेन भने तलका कार्यकर्ताबाट उल्ट्याउने संभावना कमै छ । तर यसको अर्थ भने एमालेको नेतृत्व शक्तिशाली बनाइदैछ । सँगै, पार्टीभित्र नेता निर्माणको प्रणाली भनेर समेत परिचित भएको महाधिवेशनबाट पदाधिकारी चयनलाई भने रोक्न खोजिएको छ । यसले नेतृत्व निरंकुश नै हुने, तर पार्टीको लोकतान्त्रिकरण भने कमजोर हुने संभावना बढी छ । त्यसैले यसलाई अलोकतान्त्रिक आशक्तिका रूपमा समेत हेर्न सकिन्छ ।

## सामाजिक सञ्जाल



सार्वजनिक प्रशासनमा सामान्य र टालटुले सुधार होइन् 'ओभरअल रिस्टक्चरिङ' पुनर्संरचनाको खाँचो छ । मुलुक संघीय शासन प्रणालीमा रूपान्तरण भइसकेपछि संविधानको मर्मअनुरूप कर्मचारीको समायोजन भएन । संघीय संरचना अनावश्यक ठूलो र भद्दा बनाइयो ।

- विनोद न्यौपाने



राजनीति पार्टी खोल्ने, चुनाव जित्ने, मन्त्री हुने र शासन गर्ने सत्ताको खेलमात्र हैन, मुख्यतः राजनीति जीवन र जगतलाई हेर्ने, बुझ्ने र अझ राम्रो बनाउन प्रयत्न गर्ने साधना हो । यो अर्थमा पार्टी साधन हो । मुख्य कुरा हो समाजको उन्नयन, स्वतन्त्रता र न्याय सहितको मानव सभ्यता ।

- केशव दाहाल



स्वार्थ होइन त्यागको खाँचो छ । नौला होइनन् चमत्कारी परिवर्तनको आश राख्नु बेकार छ । यसर्थ भजन मण्डलीमा समावेश जति पनि भक्त–अन्धभक्तहरू सबैबाट एकपटक सोँच्न अत्यावश्यक नै भइसकेको छ । तानाशाही र निरंकुशता हटेको हैन, झनै बढेको छ । हरेक राजनीति पार्टीका नेतृत्वहरू यसको ज्वलन्त उदाहरण हुन् ।

- चन्द्र श्रेष्ठ



संसोधित एमसीसी भनेको के हो ? सबैजसो राजनीतिक दलका कार्यकर्ताहरूको भाग्य बल्ने त देखिन्छ, कट्टर समर्थक भएको देख्दा ! तर देशको भविष्य चैं अन्धकार हुन्छ । पास गर्ने भए जनमतसंग्रह गराउ, १० प्रतिशतले मात्रै समर्थन गरे लागु गर ल, चुनौति छ ।

- निर्मल प्रसाइँ



अब पनि मन्त्रीपरिषद् गठन गर्न ढिलाइ भए सरकार अप्ठ्यारोमा पर्ने निश्चित छ । अब माधव पक्षले सरकारमा सहभागी हुने वा नहुने ठोस निर्णय सरकारलाई यथासिघ्र दिनुपर्छ । माओवादी र रामचन्द्र पक्षले भागवण्डाभन्दा पनि देश र जनताको तत्कालीन आवश्यकतालाई बुझ्नु जरूरी छ । बार्गेनिङ धेरै भयो !

- दिपक पोखरेल

### लेखक तथा पाठकवर्गमा अनुरोध

तपाईसँग सार्वजनिक सरोकारका विषयमा कुनै लेख, अनुभव वा प्रतिक्रिया छन् भने सरल भाषाशैलीमा लेखेर पठाउनु होला । समसामयिक तथा सार्वजनिक चासोको विषयलाई हामी उचित स्थान दिने छौं । कसैप्रति पूर्वाग्रह राखेर पठाइएका सामाग्री प्रकाशन गर्न बाध्य हुने छैनौं ।

मध्यान्ह राष्ट्रिय दैनिक
इमेलः article.madhyanhadaily@gmail .com

# विश्व कम्युनिष्ट आन्दोलन र लिनुपर्ने शिक्षा

कम्युनिष्ट आन्दोलनमा कम्युनिष्ट नैतिकता, निष्ठा, इमान्दारिता, आचरण र व्यवहारको ठाउँमा जालझेल र षड्यन्त्रले तथा उपभोक्तावादले नराम्रोसँग गुण लाउन थाल्यो र यो आन्दोलनलाई भित्रैबाट कमजोर र खोक्रो बनाउन थाल्यो । जालझेल र षड्यन्त्रको यस्तै अनुभूतिले गर्दा होला चीनमा कम्युनिष्ट पार्टीका अध्यक्ष माओले सर्वहारा सांस्कृतिक क्रान्तिकै कालमा आफ्नो जीवनको उत्तरार्द्धमा पुग्दै गर्दा 'मार्क्सवादको प्रयोग गर संशोधनवादको होइन, एकजुट होऊ नफुट, खुल्ला र खुलस्त होऊ, जालझेल र षड्यन्त्र नगर' भन्ने अत्यन्तै महत्वपूर्ण मार्गदर्शन गरेका र निर्देशन दिएका थिए ।



● लोकनारायण सुवेदी

विश्वमा एक जमाना थियो जतिबोल कम्युनिष्ट आन्दोलन अत्यन्तै लोकप्रिय र आमश्रमजीवि जनताको आशा र भरोसको एक मात्र विकल्प प्रतीत हुन्थ्यो । हुन पनि त्यो आन्दोलन जननैतिकता, इमान्दारीता, जनसवालका हिसाबले मात्रै होइन, सबै किसिमका सामाजिक-सांस्कृतिक तथा अर्थराजनीतिक भेदभाव अर्थात् 'वर्गीय शोषण र सामाजिक उत्पीडन'बाट मुक्तिको जुन दिशाबोध यसले गराएको र स्थापित गरेको थियो, त्यसको सान्दर्भिकता र महत्व आज पनि उत्तिकै छ र अझ बढ्न गएको छ । यद्यपि अहिले यो आन्दोलन ठूलो धक्का र पराजयको घोर बिचलनकारी प्रवृत्तिको नराम्रोसँग शिकार बनेको कालखण्डबाट गुज्रिरहेको छ । अनि जुन उच्चाइको जनताको विश्वासको धरोहर हिजो यो आन्दोलन बन्न सकेको थियो आज त्यो स्थिति छैन । बरु उल्टै कम्युनिष्टको खोल ओढेर कम्युनिष्ट विरोधी पुरानै शोषक शासक वर्गको ताबेदारी गर्ने, त्यही गलत प्रवृत्तिको अनुशरण गर्ने र जनतालाई भ्रमित तुल्याउने परिपाटी प्रबल बनिरहेको स्थिति आज छ ।

यस परिप्रेक्ष्यमा अहिलेम्मको विश्व कम्युनिष्ट आन्दोलनलाई हामीले सरसरी मात्रै पनि हेर्‍यौं र केलायौं भने विश्वस्तरमा मूलतः तीनवटा अत्यन्तै महत्वपूर्ण मोड यस आन्दोलनमा आएको प्रष्टसँग देख्न र उल्लेख गर्न सकिन्छ । त्यस्तो पहिलो उल्लेखनीय र महत्वपूर्ण मोड सबभन्दा पहिला १८४८ मा कम्युनिष्ट पार्टीको घोषणापत्रको प्रकाशन पछि नै विश्वमा आरम्भ भएको थियो । वस्तुतः यसले संसार अर्थात् मानव समाज र प्रकृति दुैलाई हेर्ने, व्याख्या गर्ने र फेर्ने एउटा अत्यन्तै महत्वपूर्ण वैज्ञानिक तथा समकालीन विश्वका अरु दर्शनभन्दा भिन्न द्वन्दात्मक तथा ऐतिहासिक भौतिकवादी सामाजिक दर्शन, विचार, दृष्टिकोण र नीति दियो । वस्तुतः कार्ल मार्क्स र फेडरिक एङ्गेल्सले विश्वका सामु प्रस्तुत गरेको त्यो कालभेदी कम्युनिष्ट घोषणापत्रले संसारलाई हेर्ने, बुझ्ने, व्याख्या गर्ने र फेर्ने एउटा नयाँ र सशक्त आधार र अभूतपूर्ब ऊर्जा प्रदान गर्‍यो । यस प्रकार यसले विश्वमा ठूलो हलचल मात्र ल्याएको होइन, अहिलेसम्मको गलत बाटोमा – शोषण, अन्याय, दमन, दबाब र थिचोमिचोको अमानबीय बाटोमा-हिँडिरहेको संसारलाई बदल्न सकिन्छ, युगौं पुराना जनताका सबै प्रकारका दुःखकष्टबाट पार पाउन सकिन्छ, सबै किसिमका विभेद, अन्याय, असमानताबाट समाजलाई मुक्त गराउन सकिन्छ अनि परस्परमा प्रेमपूर्वक बाँच्न सकिने सुन्दर र सुखमय एउटा सुनिश्चित भविष्य भएको दीगो र गतिमान संसार निर्माण गर्न सकिन्छ भन्ने अत्यन्तै महत्वपूर्ण, सारगर्भित र दूरगामी मानवीय सन्देश विश्वलाई यसले दियो । यसरी वस्तुतः नयाँ किसिमले संसारलाई हेर्ने र फेर्ने त्यो घोषणापत्रकै आधारलाई अघि बढाउँदै लाने क्रममा नै रुसको १९१७ को महान् अक्टोबर सामाजवादी क्रान्तिले सफलता पाएको थियो ।

पुँजीवाद साम्राज्यवादमा विकसित भए पछि त्यसको सबैभन्दा कमजोर पकड जहाँ हुन्छ त्यो देशमा क्रान्ति सम्भव छ भन्ने विकसित ठोस परिस्थितिको ठोस निष्कर्ष मार्क्सवादकै सिर्जनात्मक विकास र प्रयोगको आधारमा निकालेर लेनिनले सफल पारेको त्यो अपूर्व समाजवादी क्रान्तिले विश्वमा पहिलो पटक मजदुर किसानको अर्थात् पिँधमा परेका शोषित पीडित जनताको शासन सत्ता स्थापना गरेको थियो । यसरी त्यो समाजवादी क्रान्तिको सफलताले नै पहिलो पटक विश्व कम्युनिष्ट आन्दोलनले अर्को या दोश्रो आधारभूत र नयाँ मोड ल्याएको हो । त्यो मोड सर्बहारा क्रान्ति र साम्राज्यवादबीचको संघर्षको मोड थियो र हो । वास्तवमा मूलतः अहिले पनि त्यही क्रान्तिको मूलप्रवाहबाट विश्व कम्युनिष्ट आन्दोलन गतिमान छ अर्थात् त्यो मोडलाई छोडियो भने त्यो कम्युनिष्ट आन्दोलन रहँदैन, अबरुद्ध हुन्छ र त्यसमा विकृति बिसंगतिहरु आउँदछन् । लेनिनको नेतृत्वमा सम्पन्न त्यो पहिलो समाजवादी क्रान्ति पछि नै विश्वका अरु धेरै देशहरुमा सामन्तवाद, साम्राज्यवाद र उपनिवेशवाद विरोधी आन्दोलनको लहर विश्वव्यापीरुपमा फैलिएको र तिनले सफलता पाएका हुन् भन्ने कुरा इतिहासले सिद्ध गरिसकेको कुरा हो । त्यही क्रममा नै चीन र भारत पनि उपनिवेशवादको पञ्जाबाट मुक्त भएका हुन् । त्यसै क्रममा नै चीनमा कमरेड माओको नेतृत्वमा नयाँ जनवादी क्रान्ति सम्पन्न भएर आज विश्वको अग्रतम आर्थिक शक्तिकोरुपमा चीन स्थापित हुन गइरहेको छ । तर, विश्वले यतिबेला समाजवादी सोभियत संघमै त्यो महान् समाजवादी क्रान्तिका उपलब्धिहरु नजोगिनु र सोभियत समाजवादको पतन हुनुको पछाडिका वस्तुगत र मनोगत कारणहरु सही किसिमले केलाएर सार्थक निष्कर्षमा पुग्नुपर्ने गम्भीरतम आवश्यकता छ- विश्व कहाँ पुगेको छ भनेर हेर्न र यसलाई सही किसिमले फेर्नका लागि गम्भीर अध्ययन, विश्लेषण र संश्लेषणको आवश्यकता वास्तवमा आज अझ बढ्न गएको छ ।

> लेनिनको नेतृत्वमा सम्पन्न त्यो पहिलो समाजवादी क्रान्ति पछि नै विश्वका अरु धेरै देशहरुमा सामन्तवाद, साम्राज्यवाद र उपनिवेशवाद विरोधी आन्दोलनको लहर विश्वव्यापीरुपमा फैलिएको र तिनले सफलता पाएका हुन् भन्ने कुरा इतिहासले सिद्ध गरिसकेको कुरा हो । त्यही क्रममा नै चीन र भारत पनि उपनिवेशवादको पञ्जाबाट मुक्त भएका हुन् ।



यो विश्व कम्युनिष्ट आन्दोनलको अहिलेको तेश्रो महत्वपूर्ण मोड हो– सोभियत समाजवादले ७० वर्ष चलेपछि सन् १९९० मा खाएको अत्यन्तै गम्भीर धक्का र यसको पतन, जसको ब्यापक असर अहिले पनि विश्वव्यापीरुपमा परिरहेको छ । यसले विश्व कम्युनिष्ट आन्दोलनका गम्भीर प्रकारका कमिकमजोरीहरु केलाउन, यसलाई पुनः सही धरातलमा खडा गर्न र सही दिशामा अघि बढाउन विश्वभरिका कम्युनिष्ट तथा यो शोषण उत्पीडनमा आधारित विश्व समाजलाई समूल रुपमा फेर्न चाहने प्रगतिशील, वामपन्थी तथा क्रान्तिकारी लोकतान्त्रिक शक्तिहरुले समेत आज गहनरुपमा सोचविचार पुर्‍याउन पर्ने दूरगामी महत्वको अत्यन्तै गम्भीर कुरा छ ।

यसरी सर्सरी हेर्दा यसरी हामी प्रष्ट देख्दछौं कि विश्वमा अहिलेसम्म कम्युनिष्ट आन्दोलनका दुईटा चक्रले पूर्णता पाइसकेका छन् भने तेश्रो चक्र अर्थात ठूलो धक्का खाएको कालखण्डमा आजको विश्व समाज रहेको छं । त्यसैले यतिबेला यो धक्काका साङ्गोपाङ्गो कारणहरु केलाएर आन्दोलनको पुनर्समीक्षा गर्दै नयाँ किसिमले अघि बढ्नुपर्ने कालखण्डबाट विश्व समाज अघि बढ्दैछ । यो चरण वास्तवमा घोर बिचलन, सिद्धान्तहीनता, भयंकर धक्का, र आत्मसमीक्षाको अत्यन्तै गम्भीर र महत्वपूर्ण चरण हो । यो कुरालाई नेपाललगायत विश्वभरिका कम्युनिष्ट तथा वाम पार्टीहरुले महसुस गर्नु पर्दछ र गर्दै आएका पनि छन् ।

यस सन्दर्भमा केही वर्ष अगाडि पोर्चुगलको राजधानी लिस्वनमा विश्वका ६१ देशका ७६ कम्युनिष्ट पार्टीहरुको संयुक्त बैठकले एकमतले के निचोड निकालको थियो भने ठूलो धक्का खाए पनि वास्तवमा वैज्ञानिक समाजवाद नै पुँजीवादी संकटबाट मुक्तिको विश्वको आजको पनि एक मात्र सही विकल्प हो । तर, बिगतमा र अहिले पनि समाजवादी सिद्धान्त र ब्यवहारका बारेमा जस्तो किसिमले तोडमोड गरिएका छन्, जस्ता गम्भीर गल्तीहरु दोहोर्‍याइएका छन् र जसरी समाजवादी आन्दोलनलाई शिथिल र दिशाहीन तुल्याउने खालका गतिबिधि भइरहेका छन् तिनबाट उचित शिक्षा लिएर अघि बढ्न सक्दा मात्र वैज्ञानिक समाजवादका मानवीय, विश्वब्यापी उपलब्धिहरु, समाजवादी प्रणाली र तिनको औचित्यता र आवश्यकताको पुनर्पुष्टि गर्दै अघि बढ्न सकिने आलोचनात्मक सार त्यो संयुक्त बैठकले खिचेको थियो । त्यस बैठकले क्रान्तिको कुनै एउटै मोडेल या नमूना हुँदैन र त्यो दोहोर्‍याइरहन मिल्दैन र त्यसो गर्न सकिँदैन पनि भन्ने उल्लेख गर्दै तर समाजवादी क्रान्ति सम्पन्न गर्न, जीबन्त समाजवाद निर्माण र त्यसको सही ढंगले ब्यवस्थापन गर्न जनताको अग्रतम र निर्णयक भूमिकालाई सुनिश्चित गरिनु पर्दछ र त्यो सम्भब छ र हुन्छ भन्ने कुरालाई बिशेषरुपमा र दृढतापूर्बक दोहोर्‍याएको थियो । वर्तमान अन्तर्राष्ट्रिय स्थितिको परिप्रेक्ष्यमा विश्वभरिका कम्युनिष्ट तथा श्रमजीवि जनसमुदायका साथै साम्राज्यवाद विरोधी प्रगतिशील तथा क्रान्तिकारी लोकतान्त्रिक शक्तिहरुको ऐक्यबद्धता र पारस्परिक सहयोग नै त्यस्तो शक्ति हो जसले वैज्ञानिक समाजवाद एउटा अजेय विकल्प हो भन्ने कुरालाई मूर्त र ठोसरुपमा चरितार्थ गर्दछ र गर्न सक्दछ भन्ने अर्थपूर्ण निष्कर्ष पनि बैठकले निकालेको थियो । यसका लागि विश्वका बदि्लँदा गतिविधिहरुलाई निरन्तर हेर्ने, केलाउने, परस्पर यस्ता अन्तरक्रिया गर्ने, विचारहरुको आदान-प्रदान गर्ने र समयसापेक्ष र सही क्रान्तिकारी गतिबिधिहरुलाई अघि बढाउन हरतरहले लाग्ने प्रतिबद्धता पनि जनाइएको थियो । यसका लागि बैठकले विश्व समाजवादी आन्दोलनलाई अघि बढाउन समयसापेक्ष विभिन्न नीति र विभिन्न कदमहरु अवलम्बन गर्ने र तिनलाई ब्यवहारमा खरो उतार्ने महत्वपूर्ण निर्णयहरुसमेत लिएको थियो ।

महान् समाजवादी अक्टोबर क्रान्ति हुनु अघिको आधा शताब्दीको कालखण्डलाई हामीले नियालेर हेर्‍यौं भने पनि त्यतिबेला कम्युनिष्टहरु राज्यसत्ता सञ्चालन गर्ने अबस्थामा नपुगेको भए पनि त्यो समय उनीहरुको निमित्त बृहत् बहस, अन्तरक्रिया र रचनात्मक प्रकृयाको दृष्टिले अत्यन्तै उर्बर समय थियो । बिशेषगरी यस सन्दर्भमा पेरिस कम्युनको असफलतापछिको कालखण्ड कम्युनिष्ट सिद्धान्त र विचारधाराको समृद्धिका निमित्त आदर्शतम कालखण्ड रहेको औंल्याउन सकिन्छ । वास्तवमा त्यो कालखण्डमा अरुको आलोचना सुन्ने र आफ्नो गल्ती सच्याउने लोकतान्त्रिक र पारदर्शी असल परिपाटी अत्यन्तै प्रबल बनेको थियो । त्यतिबेला मार्क्स र एंगेल्सलाई समकालीनहरुले गरेको आलोचनाहरुबाट उनीहरुले सही शिक्षा लिने गरेको कुरा नै यसको सबैभन्दा ज्वलन्त उदाहरणकोरुपमा लिन सकिन्छ । वास्तवमा त्यो कालखण्डमा आजको जस्तो कम्युनिष्ट आन्दोलनमा त्यस्तो कुनै जालझेल र षड्यन्त्रहरुको गन्धसम्म पनि थिएन । मार्क्सवादी नेता कार्यकर्ताहरुमा पारदर्शीता, इमानदारीता र जनताप्रति शतत समर्पण त्यो बेलाको प्रष्ट चरित्र र उदात्त स्वभाव थियो । वास्तवमा लेनिनको नेतृत्वमा भएको महान् अक्टोबर समाजवादी क्रान्तिको श्रेय मूलतः लेनिनले नवनिर्माण गरेको यही महत्वपूर्ण विशेषता र बस्तुस्थितिलाई दिइनु सर्वथा उचित हुन्छ ।

**काठमाडौं/मस–** गाईजात्रालाई लक्षित गर्दै विभिन्न हास्य व्यंग्य सामग्री बजारमा आउने क्रम जारी छ । यस्तैमा हास्य कलाकार दमन रुपाखेती र उत्सव केसीले 'छताछुल्ल' नामक व्यंग्यले भरिएको गाईजात्रा कोसेली ल्याएका छन् ।

'छताछुल्ल'मा राजनीतिक र सामाजिक विकृतिलाई हास्य व्यंग्य मार्फत प्रस्तुत गरेको कलाकार दमन रुपाखेतीले बताए ।

'छताछुल्ल'मा सुभाष गजुरेल, दमन रुपाखेती, कमलकान्त मैनाली, लक्ष्मण बिक्रम बस्नेत, संगम भण्डारी, घनश्याम गौतम, लक्ष्मीनाथ तिमिल्सिना, सुरेश तिमिल्सिना, शोभा भण्डारी, दीपक सापकोटा, मनिता डंगोल, सन्देश राउत, आयुष्मा पाण्डे, उत्सव केसी लगायतको अभिनय र व्यंग्य प्रस्तुति समेटिएको छ । कलाकार उत्तम केसी र दुर्गा केसी निर्माता रहेको गाईजात्रा 'छताछुल्ल'मा सम्पादन प्रेम शर्मा पौडेलको रहेको छ ।

## मेलिना र कुसलको मारुनी भाका सार्वजनिक



काठमाडौं/मस- मेलिना राई र कुसल थलङको आवाजमा रहेको 'दुईदिने चोला' बोलको गीतको म्युजिक भिडियो सार्वजनिक भएको छ । सुमन नेम्बाङ लिम्बूको शब्द, डिआर अटुको संगीत र राजु कार्कीको संगीत संयोजन रहेको उक्त भिडियोमा विमला खजुम, मौसम लिम्बू इम्बुङ, सोनु थोक्लुङ, कुसल थलङ, करिश्मा क्षेत्री, कृष्टि मिभक, निश्चल कुलुङ लगायतको अभिनय रहेको छ। त्यसैगरी अनिल रानाको सम्पादन, दिनेश माङ्मुको निर्देशन र कोरियोग्राफी रहेको छ भने सहायक निर्देशनमा विष्णु मोक्तान, क्यामेरामा शीरकुमार राई र महेश सिग्देलको श्रृङ्गार रहेको छ । म्युजिक भिडियो कुसल थलङ युट्युब च्यानलमार्फत सार्वजनिक भएको हो ।

# मिस नेपाल नर्थ अमेरिकाको उपाधि गरिमालाई



**काठमाडौं/मस–** मिस नेपाल नर्थ अमेरिका-२०२१ को उपाधि गरिमा ज्ञवालीले जितेकी छन् । न्यूयोर्कमा सम्पन्न प्रतियोगितामा न्यूयोर्ककी ज्ञवालीले १८ जना प्रतिस्पर्धीलाई पछि पार्दै उपाधि जितेकी हुन् । त्यस्तै मिस नेपाल नर्थ अमेरिकाको प्रथम विजेता याङ्छेन लामा र द्वितीय विजेता सुभेच्छा निरौला भएका छन् ।

यस्तै मिस ट्यालेन्ट (प्रतिभावान )मा रोशिका गजमेर, मिस कम्युनिटी आउटरिच (सामुदायिक पहुँच) मा एलिना राई, मिस पपुलर (जनताको मतद्वारा लोकप्रिय) मा नग्मा गुरुङ्ग, मिस स्माइल (मुस्कान)मा निमिका थापा, मिस वेस्ट ड्रेस (उत्कृष्ट पोशाक) मा सेलिषा नेपाल, मिस पर्सनालिटी (व्यक्तित्व) मा गरिमा ज्ञवाली, मिस डिसीप्लेन (अनुशासन )मा सुप्रिता फुयाल, मिस क्याटवाक (बिरालो चाल हिडाई )मा दिना केसी, मिस राईजिङ स्टार (उदाउँदो तारा)मा अलिशा गुरुङ, मिस स्किन (उत्कृष्ट छाला )मा चाँदनी लामा, मिस बेस्ट हेयर (उत्कृष्ट कपाल)मा मुना नेपाल, उत्कृष्ट शरीरमा उर्जा केसी, उत्कृष्ट हेरिटेज (परम्परा)मा जेनी रावत विजयी भएका छन् ।

अगस्ट १ देखि अगस्ट ६ सम्म प्रतियोगीहरुको तालिम चलेको थियो भने अगस्ट ७ शनिबार अन्तिम दिन विजेता तथा अन्यको घोषणा गरिएको छ । १८ जना प्रतियोगीहरु अमेरिकाका विभिन्न राज्य तथा क्यानडाबाट सहभागी भएका थिए । मिस नेपाल नर्थ अमेरिका २०२१ को अन्तिम प्रतियोगिता न्यूयोर्कको वुडसाइड स्थित तिब्बती सामुदायिक केन्द्रमा आयोजना गरिएको थियो ।

पहिलो चरणमा १८ जना प्रतियोगीहरुले परिचयात्मक प्रस्तुति दिएका थिए । दोस्रो चरणमा १० जना पुगेका थिए । दोस्रो चरणमा पुगेका १० जना मध्ये अन्तिम चरणमा ५ जना पुगेका मध्ये मिस नेपाल नर्थ अमेरिका २०२१ विजेता, प्रथम विजेता तथा द्वितीय विजेता घोषणा गरिएको थियो ।

प्रतियोगितामा पूर्व मिस नेपालहरु शृंखला खतिवडा, सदीक्षा श्रेष्ठ, मनिता देवकोटा, मलिना जोशी तथा साहना बज्राचार्यले पनि सहभागिता जनाएका थिए । सन् २०१८ की मिस नेपाल वर्ल्ड शृंखला खतिवडा अफिसियल मेन्टर (आधिकारिक परामर्शदाता) तथा मुख्य निर्णायक रहेकी थिइन् । सदीक्षा श्रेष्ठ कोरियोग्राफर तथा सन् २०१८ की नेपाल ब्रम्हाण्ड सुन्दरी मनिता देवकोटाले प्रशिक्षकको रुपमा भूमिका निर्वाह गरेकी थिइन् । साहना बज्राचार्यले कार्यक्रम प्रस्तोताको भूमिका निर्वाह गरेकी थिइन् । यसैगरी निर्णायकहरुमा चर्चित कार्यक्रम प्रस्तोता सुरज सिंह ठकुरी, सवु गदाल कार्की, मोनिका घले, मलिना जोशी, डा सुलोचना गुरुङ, आशिश प्रसाईं, पूर्ण लामा, पशुपति श्रेष्ठ तथा अधिवक्ता बासु फूलारा रहेका थिए । उक्त प्रतियोगिताको नारा 'भावी पुस्तालाई सशक्त पार्न नेपाली महिलाहरूलाई सशक्तिकरण गरिँदै' भन्ने राखिएको थियो । ११ वर्षसम्म रणनीति कार्यक्रम व्यवस्थापन, परियोजना व्यवस्थापन तथा नेतृत्व व्यवस्थापनमा गहिरो अनुभव बटुलेका व्यक्तिहरू मिस नेपाल नर्थ अमेरिकाको आयोजक समूहका संस्थापक सभापति शैलेश श्रेष्ठ हुन् ।

## दीपिकाले मागिन् रणवीर बराबर पारिश्रमिक



**काठमाडौं/एजेन्सी–** बलिउडका सफल निर्देशक मानिने सञ्जय लीला भन्सालीको फिल्म 'बैजू बावरा' यतिबेला चर्चामा छ । पहिला उनी यो फिल्ममा अभिनेता रणबीर कपूरलाई लिन चाहन्थे । तर, अब यो रोलका लागि अभिनेता रणवीर सिंह फाइनल भएका छन् । उनको अपोजिटमा भन्सालीले अभिनेत्री दीपिका पादूकोणको नाम विचार गरेका छन् । केही चरण उनीहरुबीच छलफल भइसकेको छ ।


**Saudi मा रोजगार** 1. Sama Al Kayan General Contracting Company

LT No.: 239646

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labour | 02 | साधारण | 1000 | ३१,६५३/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

2. Ghayom Al- Khaleg For Contracting

LT No.: 240304

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 03 | काममा दक्ष | 1900 | ६०,१४०/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

3. Gulf Codes For Transportation

LT No.: 237976

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Truck Driver | 03 | काममा दक्ष | 1800 | ५६,९७५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तरवार्ता २०७८ भाद्र १ गते (17 Aug. 2021) यस प्रा. लि. को कार्यालय धाकुपाट, ललितपुरमा हुनेछ ।

न्यू वर्ल्ड ओभरसिज सर्भिस प्रा. लि.

धाकुपाट, ललितपुर, फोन: ५२६०३२६, ९८०१२३२४१०, ९८०१०८२२०८, ९८०२०९६६४१, ९८५१०७१८२२

**साउदीमा रोजगार** | कम्पनी : NOURA NASER SAUD ALENAZI TRADING SHOP
शहर : RIYADH

पुर्व स्वीकृत मितिः २०७८/०१/१२ चलानी नं.: ६०१५७९३१ LT. No.: 239537 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Vegetable and Fruit Cutting & Packing | 1 | 0 | स. काममा दक्ष | 1200 | ३७,८७२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १ गते (17 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

पास इन्टरनेशनल प्रा. लि.

PAS

पास हाउस, सामाखुसी, काठमाडौं, (अल नेपाल हस्पिटलको बाटो नेचर बोर्डिङ स्कुलसँगै)

फोन नं.: ४३८१३२२, ४३८१४२२,

श्रम इजाजत नं. ८७२/०६६/०६७

**Saudi मा रोजगार** 1. Munira Hanbul Amish Al-Otaibi Cafe to Serve Drinks

LT No.: 243137

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Waiter | 1 | कामको दक्ष | 1200 | ३८,११९/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

2. Commercial Food Competence Development Corporation

LT No.: 243138

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Restaurant Worker | 1 | कामको दक्ष | 1200 | ३८,११९/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

3. Choco Bite Trading Corporation

LT No.: 240182

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 4 | कामको दक्ष | 1200 | ३८,११९/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

4. Al- Mamlakah Car Wash

LT No.: 243560

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Vehicle Washing Lubricating Agent | 1 | साधारण | 1000 | ३१,७६५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

5. Salad District Fast Food Restaurant

LT No.: 242738

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Kitchen Worker | 2 | कामको दक्ष | 1500 | ४७,६४८/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

6. LVIV Meal Company

LT No.: 243094

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Ordinary Factor | 1 | साधारण | 1000 | ३१,७६५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

7. Abdul Rahman Saleh Al-Aqeel Furniture Factory

LT No.: 242234

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Worker | 6 | साधारण | 1000 | ३१,७६५/- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | २ वर्ष |

8. Pasta Restaurant to Provide Meals.

LT No.: 243417

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | न्यूनतम योग्यता | SR | ने.रु. | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Restaurant Worker | 02 | [illegible] | 1500 | ४६,६४८/- | कम्पनी नियम अनुसार | ८ घण्टा | ६ दिन | कम्पनी नियम अनुसार | छ | २ वर्ष |
| २ | Waiter | 01 | [illegible] | 1500 | ४६,६४८/- | | | | | | |

अन्तरवार्ता २०७८ भाद्र १ गते (17 Aug. 2021) यस प्रा. लि. को कार्यालय सिनामंगलमा हुनेछ ।

पावर हाउस ओभरसिज कन्सर्न प्रा. लि.

सिनामंगल-९, एयरपोर्ट, काठमाडौं, फोन : ४४६९७१०

# साफ च्याम्पियनसिप माल्दिभ्समा हुने

**मध्यान्ह संवाददाता**
काठमाडौं, २५ साउन




दक्षिण एसियाको सर्वाधिक ठूलो प्रतियोगिता साफ च्याम्पियनसिप माल्दिभ्समा आयोजना हुने भएको छ। दक्षिण एसियाली फुटबल महासंघ (साफ)को सोमबार बसेको बैठकले प्रतियोगिताको जिम्मा माल्दिभसलाई दिने निर्णय गरेको हो । यसअघि बंगलादेशले आयोजना गर्नु पर्ने प्रतियोगिता कोरोना महामारीका कारण हुन नसके पछि आयोजकको दावेदारिता नेपालले पनि प्रस्तुत गरेको थियो। नेपालले दावेदारिता पेश गर्दा झण्डै १० करोड बजेटको ग्यारेन्टि खोजिएकोमा नेपाल सरकारले पाँच करोड दिने र एन्फाले पाँच करोड स्पोन्सरबाट खोज्ने तयारी गरेको थियो। तर, माल्दिभ्सले आयोजना गर्ने जिम्मेवारी पाएसँगै नेपालले बजेट लगाएतका कुराको भने तनाव लिनुपर्ने छैन। सोमबारको बैठकले अक्टोबर १-१३सम्म माल्दिभ्समा प्रतियोगिता आयोजना गर्ने निर्णय गरेको भर्चुअल बैठकमा सहभागि एन्फा महासचिव इन्द्रमान तुलाधरले जानकारी दिए। तर, कोरोना महामारीका कारण लागू स्वास्थ्य मापदण्डका आधारमा केही कुराहरु परिमार्जन हुन सक्ने पनि उल्लेख गरे ।

यो संस्करणको साफ च्याम्पियनसिपमा ५ देशले प्रतिस्पर्धा गर्ने छन् । अहिलेसम्म भुटानले प्रतियोगितामा सहभागिता जनाउने निश्चित गरेको छैन। यदि भुटान सहभागि भएमा प्रतियोगिता खेल्ने टिमको संख्या ६ पुग्ने छ । पाकिस्तान भने फिफाको कारबाहीमा रहेकाले सहभागिता जनाउन पाउने छैन । साफ च्याम्पियनसिपको गत संस्करण माल्दिभ्सले नै जितेको थियो । नेपाललाई सेमिफाइनलमा पराजित गरेको माल्दिभ्सले फाइनलमा भारतलाई २-१ गोल अन्तरले पराजित गर्दै उपाधि उचालेको थियो। नेपाली टिम साफ च्याम्पियनसिपको फाइनलसम्म पुग्न भने असफल रहँदै आएको छ । साफको तयारीका लागि नेपाली टिम अहिले बन्द प्रशिक्षणमा रहेको छ। झण्डै एक महिना काठमाडौंमा प्रशिक्षण गरेको नेपाली टिमले बुधबारदेखि पोखरा रंगशालामा प्रशिक्षण शुरु गर्ने छ । पोखरामा हुने बन्द प्रशिक्षणका लागि नेपाली टिम मंगलबार त्यसतर्फ प्रस्थान गर्ने एन्फाले जनाएको छ। पोखरामा हुने प्रशिक्षणमा भने गोलरक्षक विशाल सुनार, मिडफिल्डर सेसेहाङ आङदेम्बे र विंगर शिशिर लेखिलाई पुनः टोलीमा समावेश गरिएको छ ।

एरिक विष्ट र प्रकाश बुढाथोकीले भने पोखराको प्रशिक्षण क्याम्पमा सहभागि नहुने एन्फाले जनाएको छ ।

यसअघि टोलीको नामावलीमा नरहेका विक्रम लामालाई पनि छनोटमा समावेश गरिएको छ। उनी कतारमा शल्यक्रिया गराएर नेपाल आएपछि उनी म्याच फिटनेसका लागि प्रशिक्षण गरिरहेका थिए । टोलीको प्रशिक्षण र आन्तरिक मैत्रीपूर्ण खेलमा राम्रो प्रदर्शन गरेपछि उनी छनोटका लागि योग्य भएका हुन् । पोखरामा ३८ सदस्यीय टोलीले दुई साता प्रशिक्षण गर्ने योजना रहेको छ ।

# ईपीएललाई बजाजको साथ




**काठमाडौं/मस-** नेपालको सर्वाधिक चर्चित र सफल फ्रेन्चाइज क्रिकेट प्रतियोगिता एभरेष्ट प्रिमियर लिगका लागि गोल्छा ग्रुपको बजाज पल्सरले मुख्य प्रायोजन गरेको छ। यो सँगै प्रतियोगिताका नाम 'बजाज पल्सर ईपीएल' हुने भएको छ ।

यसअघि टिभीएसले प्रायोजन गर्दै आएकोमा अब शुरु हुने चौथो संस्करणमा बजाज जोडिएको हो । यस सम्बन्धी सम्झौता पत्रमा गोल्छा ग्रुपका अध्यक्ष शेखर गोल्छा र ईपीएलका प्रवन्ध निर्देशक आमिर अख्तरले हस्ताक्षर गरेका छन् । कार्यक्रममा सम्झौतोको रकम नखुलाई पनि स्रोतले दिएको जानकारी अनुसार यो प्रतियोगिताका लागि गोल्छ ग्रुपले साढे २ करोड रुपैयाँ खर्च गर्ने छ।

असोज नौ गतेबाट सुरु हुने प्रतियोगिताको मुख्य प्रायोजकका लागि दुई समूहले प्रतिस्पर्धा गरेका थिए। पेप्सी इन्डिया र गोल्छा ग्रुपले प्रायोजकका लागि प्रतिस्पर्धा गर्दा गोल्छा ग्रुपले बाजी मारेको हो ।

बजाजले एक बर्षका लागि अहिले सम्झौता गरेको छ । जुन सम्झौता अरु दुई बर्ष थप्न सकिने बताइएको छ । मुख्य प्रायोजक बनेको बजाजसँग सर्भो पनि त्यसैमा जोडिने भएको छ । बजाज र इपिएलबीच भएको २ करोड ५० लाखको साझेदारी नेपाली खेलकुदको सर्वाधिक ठूलो प्रायोजन हो । यसअघि नेपाली खेलकुदमा कतार एअरलाइन्सले ए डिभिजन लिग फुटबल गर्न अखिल नेपाल फुटबल संघ (एन्फा) सँग ठूलो सम्झौता गरेको थियो । कतारले एक सिजनका लागि १ लाख ५० हजार अमेरिकी डलर (झन्डै १ करोड ७५ लाख रुपैयाँ) प्रायोजन गरेको रकम नै सर्वाधिक थियो ।

६ टिमको सहभागिता रहेको प्रतियोगिताका लागि सबै टिमले विदेशी खेलाडी अनुबन्धको प्रक्रियामा रहेका छन्। कीर्तिपुर मैदानमा हुने प्रतियोगितामा यसपटक दर्शक राख्ने नराख्ने विषयमा स्थास्थ्य मन्त्रालयको मापदण्डलाई पालना गर्ने आयोजकले बताएका छन् । यो पटक प्रतियोगिताको पुरस्कार राशी अघिल्लो सिजनको भन्दा बढ्ने आयोजकले बताएका छन् ।

तर कति पुरस्कार हुने भन्ने आगामी कार्यक्रममा बताउने ईपीएलका प्रवन्ध निर्देशक अख्तरले बताए। यो पटकको इपीएल खेल्न साहिद अफ्रिदी, अजिज, कार्लोस ब्रेथवेट, सोयब मलिक आउने पक्का भइसकेको छ ।

# एन्फा विवाद : चार जनाको बयान आज

**मुक्ति रेग्मी/मध्यान्ह**
काठमाडौं, २५ साउन



अखिल नेपाल फुटबल संघ एन्फाका वरिष्ठ उपाध्यक्ष पंकज विक्रम नेम्वाङ र मुख्य प्रशिक्षक अब्दुल्लाह अल्मुताइरीको विवादका विषयमा छानविन समितिले मंगलबार प्रारम्भिक बयान लिने भएको छ।

बयानका लागि १२ जनालाई पत्र काटिएकोमा पहिलो दिन मंगलाबार चार जनालाई बोलाइएको छ। उनीहरुलाई दुई दुई घण्टाको अन्तरमा बयानका लागि बोलाइएको छानविन समितिले जनाएको छ। प्रशिक्षक अब्दुल्लाहले वरिष्ठ उपाध्यक्ष नेम्वाङका कारण काम गर्न अप्ठेरो परेको भन्दै सामाजिक सञ्जालबाट राजिनामा दिने घोषणा गरेका थिए ।

तर, प्रशिक्षकले औपचारिकरुपमा राजिनामा भने बुझाएका छैनन् । प्रशिक्षकले सामाजिक सञ्जालमा लेखेपछि सार्वजनिक भएको विवादका विषयमा एन्फाको आपतकालिन बैठकले युवा तथा खेलकुद मन्त्रालयलाई छानविनका लागि जिम्मा दिएको थियो। मन्त्रालयले राष्ट्रिय खेलकुद परिषद् राखेपका सदस्य पुरेन्द्रविक्रम लाखेको संयोजकत्वमा छानविन समिति गठन गरेको थियो ।

उक्त छानविन समितिले मंगलबार पहिलो दिन चार जनालाई बयानका लागि बोलाएको छ । पहिलो बयान दिनका लागि एन्फा अध्यक्ष कर्माछिरिङ शेर्पालाई बोलाइएको छ। शेर्पा पछि एन्फाका पूर्व प्रवक्ता किरण राईलाई डाकिएको छ । राईले प्रवक्ता पदबाट राजिनामा दिइसकेका भए पनि विवादका समयमा उनी सोही भूमिकामा रहेकाले उनलाई बयानका लागि डाकिएको हो। यसै गरी एन्फा उपाध्यक्ष कृष्ण थापालाई पनि बोलाइएको छ ।

यस्तै राखेपकी फुटबल चिफ कोच अरुणा गुरुङसँग पनि बयान हुने छ। बयानको क्रम बुधबार पनि जारी रहने छ। दोस्रो दिन अरुलाई पनि बयानका लागि बोलाउने तयारी भएको छाविन समितिले जनाएको छ ।

# अभिषेकले मच्छिन्द्रबाट लिग खेल्ने




**काठमाडौं, मस-** नेपाली राष्ट्रिय फुटबल खेलाडी अभिशेख रिजालले मच्छिन्द्र क्लवसँग सम्झौता नविकरण गरेका छन् ।

कार्तिक नौ गतेबाट हुने लिगका लागि रिजालले मच्छिन्द्रमा नै निरन्तरता दिने निर्णय गरेका छन । साविक विजेता मच्छिन्द्रबाट अघिल्लो सिजन पनि बिताएका रिजालले पुरै सिजन भने खेल्न पाएका थिएनन् ।

उनी लिगकोबीचमा नै माल्दिभ्सको लिग खेल्न गएका थिए । त्यसपछि नेपाल फर्किदा उनले बाँकी लिग खेल्न पाएका थिएनन् ।

लिगको उपाधि रक्षा गर्ने अभियानमा रहेको मच्छिन्द्रले यसअघि युवा खेलाडी मनिश डाँगीलाई पनि अनुबन्ध गरेको थियो । रिजाललाई कति रकममा क्लवमा राख्यो भन्ने विषयमा भने केहि खुलाएको छैन । मच्छिन्द्रमा अर्का राष्ट्रिय खेलाडी सुनील बल पनि अनुबन्ध भएका छन । उनी च्यासलबाट मच्छिन्द्रमा गएका हुन् । रिजालपछिल्लो पटक नियमित रुपमा राष्ट्रिय टिममा पर्दै आएका छन् ।

## सातदोवाटोलाई स्टार हस्पिटलको साथ



**ललितपुर/मस-** 'ए' डिभिजन लिगमा यसै सिजन बढुवा भएको सातदोबाटो युथ क्लबसँग स्टार अस्पताल लिमिटेड मेडिकल पार्टनरको रुपमा जोडिएको छ ।

सातदोबाटो युथ क्लब सातदोबाटो ललितपुर र स्टार अस्पताल लिमिटेड सानेपा ललितपुरबीच सोमबार एक वर्षको लागि सम्झौता भएको हो। सम्झौतामा स्टार अस्पतालका तर्फबाट अध्यक्ष किशोर महर्जन र क्लबको तर्फबाट अध्यक्ष कपिल रानामगरले हस्ताक्षर गर्दै आदान-प्रदान गरे ।

सम्झौता कार्यक्रममा अस्पतालका मेडिकल डाइरेक्टर डाक्टर साहिल रुपाखेती, डा. सन्जय भट्टचन र क्लबका महासचिव सुनिल विष्ट, सचिव रविन खड्का, व्यवस्थापक विनोद राई, सदस्य प्रकाश मानन्धर र पारस महर्जन लगायतको उपस्थिति रहेको थियो।

सम्झौताअनुसार क्लबले अस्पतालबाट विभिन्न स्वास्थ सेवा पाउनेछ । क्लबले पनि अस्पतालको विविध माध्यमबाट प्रचार-प्रसार गर्नेछ ।पहिलोपटक 'ए' डिभिजन लिग खेल्ने तयारीमा रहेको सातदोबाटोले लिगलाई लक्षित गर्दै खेलाडी अनुबन्धमा आक्रमक रुपमा अघि बढेको छ ।

# श्रेष्ठप्रति श्रद्धाञ्जली

काठमाडौं, मस- राष्ट्रिय खेलकुद परिषद् (राखेप) अन्तर्गत तालिम तथा प्रशिक्षण विभागकी कार्यालय सहयोगी मैया श्रेष्ठको आइतबार निधन भएको छ । श्रेष्ठको कोरोना भाइरस (कोभिड-१९) को संक्रमणका कारण ५४ वर्षको उमेरमा निधन भएको हो ।

श्रेष्ठलाई करिब २ हप्ताअघि कोरोना भाइरस पोजेटिभ देखिएपछि एपीएफ अस्पतालमा उपचारका लागि भर्ना गरिएको थियो । उपचारकै क्रममा श्रेष्ठको निधन भएको हो । ग्वार्को बस्दै आएकी स्व. श्रेष्ठका श्रीमान् र ४ छोरा छन् । श्रेष्ठको आइतबारै पशुपति आर्याघाटमा अन्त्येष्टि गरिएको परिवारले जनाएका छन् ।

श्रेष्ठको निधनमा राखेपले सातदोबाटोस्थित अन्तर्राष्ट्रिय खेलकुद परिसरमा शोक सभा आयोजना गऱ्यो । श्रेष्ठको सम्झनामा एक मिनेट मौन धारण गरी दिवंगता आत्माको चिर शान्तिको कामना गरिएको थियो ।

प्रशासन विभाग प्रमुख कुलबहादुर थापा, तालिम तथा प्रशिक्षण विभागका निर्देशक अर्जुन विक, आर्थिक प्रशासन शाखाका प्रमुख ऋखिराम पोखरेललगायतका कर्मचारीले स्व. श्रेष्ठको तस्वीरमा पुष्प गुच्छा चढाईं श्रद्धाञ्जली अर्पण गरेका थिए ।

# लुकाकु चेल्सी आउने



**काठमाडौं, एजेन्सी-** बेल्जियन खेलाडी रोमेलु लुकाकु चेल्सी आउनका लागि पहिलो चरणको मेडिकल टेष्ट गरेका छन्। ९८ मिलियन पाउण्डमा इन्टर मिलानबाट चेल्सीमा आउन लागेका लुकाकुले सोमबार पहिलो चरणको मेडिकल टेष्ट गरेका हुन् ।

उनी मिलानको कोलम्बस क्लिनिकबाट चेल्सीको जर्सी हातमा समातेर निस्किएको तस्विर सार्वजनिक भएको छ । लुकाकु सात वर्षपछि फेरी चेल्सीमा फर्किन लागेका हुन् । तर यसपटक उनी निकै महँगो खेलाडीका रुपमा स्ट्याम्फोर्ड ब्रिजमा जान लागेका छन् ।

सन् २०१४ चेल्सीबाट एभर्टनमा गएका उनीलाई इन्टर मिलानमा गरेको प्रदर्शनका आधारमा थोमस टुसेलको टिमले खरिद गर्न लागेको हो । २८ बर्षे लुकाकुले इन्टरका मालिकसँगपनि चेल्सी जान लागेको कुरा बताइसकेका थिए । चेल्सीमा लुकाकुले साताको दुई लाख पाउण्ड तलब पाउनेछन् । त्यो पनि ट्याक्स कटाए । लुकाकुको ट्रान्सफर मार्केटमा लगानी भएको रकममा उनी विश्वको सर्वाधिक महंगो खेलाडी बनेका छन् ।


## साउदीमा रोजगार | कम्पनी: AL NAHDAH PILLARS FACTORY FOR INSULATED CONCERT BLOCKS
शहर: BISHA

पूर्व स्वीकृत मितिः २०७८/०३/०९ | चलानी नं.: ६०१५९१०२ | LT. No.: 241209 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Truck Driver | 3 | 0 | स. काममा दक्ष | 1800 | ५६,८०८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ भदौ १ गते (17 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Al Sasha Overseas Pvt. Ltd.** Gov. Lic No. 1488/074/075
Pingalasthan, Gaushala, Kathmandu, Tel: 4492240, 4492241



## कतारमा रोजगार | १. कम्पनी: ETIQUETTE HOSPITALITY & SERVICES WLL
शहर: DOHA

पूर्व स्वीकृत मितिः २०७८/०४/२५ | चलानी नं.: ६०१६१२६७ | LT. No.: 243613

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | GROUND STEWARD | 10 | 0 | स. काममा दक्ष | 1000 | ३२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७८ भदौ १ गते (17 Aug. 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरू साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो साग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Excellent Manpower Services Pvt. Ltd.**
साविकः (AL SUJIT MANPOWER PVT. LTD.)
Gov. Lic No. 1328/074/075
Sinamangal-9, Airport, Kathmandu, Tel: 4485517, 6924454
Email: excellentmanpower1328@gmail.com



## साउदीमा रोजगार | कम्पनी : SAIL ALRIYADA SAUDI INDUSTRIAL CO
शहर: SAUDI

पुर्व स्वीकृत मितिः २०७७/१२/२३ | चलानी नं.: ६०१५६८०५ | LT. No.: 238322 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labour | 3 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३१,५६० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Truck Driver | 1 | 0 | | 1800 | ५६,८०८ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालयमा २०७८ भदौ १ गते (15 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**अरनिको ओभरसिज प्रा. लि.**
श्रम इजाजत नं. २६७/०५८/०५९
पो.ब.नं. ८९७५, इपिसिः २५१६, कुपण्डोल, ललितपुर, नेपाल, फोनः ५५५५३६५, ५०१०६५७, ५०१०६५८
फ्याक्सः ५५५५३६६, Email: aranikooverseas@gmail.com, Website: www.aranikooverseas.com



## कतारमा रोजगार | १. कम्पनी: CONSTRUCTION DEVELOPMENT COMPANY LLC
शहर: Qatar

पूर्व स्वीकृत मितिः २०७७/१०/१६ | चलानी नं.: ६०१४९०८७ | LT. No.: 235875 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electric Tech. | 40 | 0 | सम्बन्धित काममा दक्ष | 1100 | ३५,५४१ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Mechanic | 35 | 0 | | 1100 | ३५,५४१ | | | | | | | |
| 3. | Labour | 150 | 0 | | 1000 | ३२,३१० | | | | | | | |
| 4. | Carpenter | 20 | 0 | | 1100 | ३५,५४१ | | | | | | | |
| 5. | Driver | 10 | 0 | | 1700 | ५४,९२७ | | | | | | | |

२. कम्पनी: FAMILY MART | शहर: DOHA
पूर्व स्वीकृत मितिः २०७८/०३/१८ | चलानी नं.: ६०१५९६०३ | LT. No.: 241279 | पून विज्ञापन

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Labourer | 3 | 0 | स. काममा दक्ष | 1000 | ३२,३१० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा २०७८ भदौ १ गते (17 August 2021) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | क.नं. १ रु १०,०००/- क.नं २ निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ६. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**आशा ईन्टरनेशनल प्रा. लि.** License No.: 243/058/059
कान्तिमार्ग, महाराजगंज, काठमाडौं, पो.ब.नं. २४७५२ । फोन : ०१-४४४१३६१, फ्याक्स : ०१-४४३६२८५

गो.हु.का.द.नं. ३३/०६९/०७०



# साउन लागेसँगै घट्यो वाणिज्य बैंकहरुको निक्षेप

## ■ कर्जा प्रवाहमा भने वृद्धि




**हरिप्रसाद अर्याल/मध्यान्ह**
काठमाडौं, २५ साउन ।

साउन महिनाको २२ दिनमै वाणिज्य बैंकहरुको निक्षेप ६१ अर्बले घटेको छ । नेपाल बैंकर्स एसोसिएसनका अनुसार गत आर्थिक वर्षको असार मसान्तसम्म ४२ खर्ब १ अर्ब रुपैयाँ रहेकोमा वाणिज्य बैंकहरुको निक्षेप साउन २२ गतेसम्म आउँदा ४१ खर्ब ४० अर्ब रुपैयाँमा सीमित भएको हो ।

साउन महिनाको पहिलो सातामा वाणिज्य बैंकहरुको कुल निक्षेप ४१ खर्ब ५८ अर्ब रुपैयाँ, दोस्रो सातामा ४१ खर्ब ५३ अर्ब र तेस्रो सातामा ४१ खर्ब ४० अर्ब रुपैयाँ कायम भएको हो ।

साउन महिनाको तेस्रो सातासम्म वाणिज्य बैंकहरुको कर्जा लगानीमा भने झिनो सुधार भएको छ । चालु आर्थिक वर्षको साउन तेस्रो सातासम्म बैंकहरुको कर्जा प्रवाह भने ११ अर्बले बढेको छ। असार ३१ गतेसम्म ३७ खर्ब २१ अर्ब रुपैयाँ कर्जा प्रवाह रहेकोमा साउन २२ गतेसम्म आउँदा ३७ खर्ब ३२ अर्ब पुगेको हो ।

गत आर्थिक वर्षको अन्तिम महिना अर्थात् असार मसान्तसम्म वाणिज्य बैंकहरुको कुल कर्जा लगानी ३७ खर्ब २१ अर्ब रुपैयाँ रहेको थियो । यो तीन साताको अवधिमा वाणिज्य बैंकहरुको कुल कर्जा लगानी ११ अर्ब रुपैयाँले बढेको हो ।

साउन पहिलो सातामा ३७ खर्ब ६ अर्ब, दोस्रो सातामा ३७ खर्ब १६ अर्ब रुपैयाँ हुँदै तेस्रो सातामा ३७ खर्ब ३२ अर्ब रुपैयाँ कर्जा लगानी पुगेको हो ।

गत असार मसान्तमा सरकारको पुँजीगत खर्च बढ्दा बैंकहरुमा पर्याप्त निक्षेप संकलन भएको थियो । तर, चालु आर्थिक वर्षको पहिलो महिनामा सरकारी पक्षको कारोबार घटेको कारण पनि निक्षेप घटेको बैंकहरुको भनाई छ ।

निक्षेप घट्नुलाई चिन्ताको विषय मान्न नपर्ने बैंकरहरुको भनाई छ । असार महिनामा निक्षेप संकलन बढेको भएपनि गत जेठ मसान्तसम्म भने निक्षेप कम थियो ।

**वाणिज्य बैंकहरुको निक्षेप र कर्जाको अवस्था**
(रुपैयाँ अर्बमा)

| मिति | निक्षेप | कर्जा |
|---|---|---|
| ०७७ असार ३१ | ३४८७ | २९०३ |
| २०७७ असोज ३० | ३६५४ | ३०३५ |
| २०७७ पुस २९ | ३७८२ | ३२४४ |
| २०७७ चैत ३१ | ४२०१ | ३६२१ |
| २०७८ साउन ८ | ४१५८ | ३७०६ |
| २०७८ साउन १५ | ४१५३ | ३७१६ |
| २०७८ साउन २२ | ४१४० | ३७३२ |

*(स्रोत : नेपाल बैंकर्स एसोसिएसन)*

# वायु सेवापछि नागरिक उड्डयनका कर्मचारी आन्दोलनमा

## प्राधिकरण टुक्र्याउने खेल नखेल्न चेतावनी

**सागर तिमल्सिना/मध्यान्ह**
काठमाडौं, २५ साउन ।




नेपाल वायु सेवा निगमका कर्मचारीहरु चरणवद्ध आन्दोलनमा उत्रिरहेका बेला नागरिक उड्यन प्राधिकरण (क्यान) का कर्मचारीहरु समेत आन्दोलनमा उत्रिएका छ । नागरिक उड्यन प्राधिकरणलाई टुक्रयाएर दुई वटा संस्था बनाउने गरी नेपाल नागरिक उडड्यन प्राधिकरण विधेयक २०७६ र हवाई सेवा प्राधिकरण विधेयक २०७६ राष्ट्रिय सभाबाट पारित भई प्रतिनिधि सभामा जाने क्रममा रहेको उक्त विधेयक फिर्ताको माग गर्दै कर्मचारीहरु आन्दोलनको घोषणा गरेका हुन् ।

सोमबार कर्मचारी युनियन संवद्ध पाँच संगठन नेपाल नागरिक उड्यन प्राधिकरण कर्मचारी संगठन, मधेश तराई कर्मचारी युनियन, लोकतान्त्रिक कर्मचारी संघ, राष्ट्रिय कर्मचारी युनियन र नेपाल राष्ट्रिय कर्मचारी संगठनले प्राधिकरण नटुक्रयाउन चेतावनीसहित आन्दोलनको घोषणा गरेका छन् । क्यानमा कार्यरत कर्मचारी युनियनहरुले उक्त विधेयकहरु समग्रमा राष्ट्रिय हित प्रतिकुल रहेको र उडड्यन सुरक्षामा गम्भीर प्रश्न उठनसक्ने देखिएको भन्दै विधेयक फिर्ताको माग गरेका छन् ।

कर्मचारीहरुले सोमबारदेखि विरोधका कार्यक्रम सार्वजनिक गरेका संगठनले २७ गतेसम्म प्रत्येक दिन बिहान १० बजेदेखि १ बजेसम्म पेन डाउन गर्ने र १२ बजेदेखि १ बजेसम्म कालोपट्टी सहित महानिर्देशकको कार्यकक्ष घेराउ गर्ने बताएका छन्। विरोधका कार्यक्रम गर्दासमेत सम्बन्धित पक्षबाट सुनुवाई नभए पुनः अर्को बैठक बसी थप कडा आन्दोलनका कार्यक्रमसमेत सार्वजनिक गर्ने संयुक्त युनियनले चेतावनी दिएका छन् ।

पछिल्लो समय सरकारी अन्य संस्थानका कर्मचारीहरु आन्दोलीत भएका छन्। एक महिना अगाडीबाट नेपाल वायु सेवा निगम (नेपाल एयरलाइन्स) र नेपाल टेलिकमका कर्मचारीहरु आन्दोलीत भएका छन् ।

नेवानीलाई पब्लिक कम्पनी बनाउने प्रस्ताव गरेसगैं कर्मचारीहरु विगत ४० दिनयता आन्दोलनमा छन् । बिना तयारी हतारमा सञ्चालक समितिले पब्लिक कम्पनीमा रुपान्तरण गर्न प्रबन्धपत्र र नियमावली मस्यौदा गरी सँस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालयमा पठाएसगैं कर्मचारी आन्दोलित बनेका हुन् ।

निगमलाई निजीकरण गरी कर्मचारीको भविष्यलाई अन्यौल पार्ने खेल भएको भन्दै कार्यालयमा तालाबन्दी गरेर कर्मचारीहरुले निगमका महाप्रबन्धक डिमप्रकाश पौडेललाई कार्यालय प्रवेशमा समेत रोक लगाउँदै आएका छन् ।

## संक्षिप्तमा अर्थ

### ग्लोबल आइएमई बैंकको सरल किस्ताबन्दीमा ल्यापटप योजना




काठमाडौं/मस- ग्लोबल आइएमई बैंक लिमिटेड र लियो क्लब अफ काठमाडौं टेम्पल पिस काभ्रेबीच गुणस्तरीय शिक्षामा प्रविधिको पहुँच परियोजनाअन्तर्गत काभ्रे जिल्लाका शिक्षकहरुलाई सरल किस्ताबन्दीमा ल्यापटप उपलब्ध गराउनेसम्बन्धी सम्झौता पत्रमा हस्ताक्षर सम्पन्न भएको छ । उक्त सम्झौता पत्रमा बैंककोतर्फबाट बजार व्यवस्थापन तथा व्यवसाय प्रवर्द्धन प्रमुख शान्ता शिवाकोटी र लियो क्लब अफ काठमाडौं टेम्पल पिसकोतर्फबाट सल्लाहकार तथा गुणस्तरीय शिक्षामा प्रविधिको पहुँच परियोजना संयोजक सुदीप न्यौपानेले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार ग्लोबल आइएमई बैंकले गुणस्तरीय शिक्षामा प्रविधिको पहुँच परियोजनाअन्तर्गत रही लियो क्लब अफ काठमाडौं टेम्पल पिस काभ्रेको सिफारिसमा काभ्रे जिल्लामा अध्यापनरत शिक्षकहरुलाई किस्ताबन्दीमा ल्यापटप उपलब्ध गराउने छ ।

उक्त प्रक्रियामा शिक्षकहरुले ग्लोबल आइएमई बैंकको क्रेडिट कार्ड लिएर इजी बाई इजी पेमार्फत् सरल किस्ताबन्दीमा सहज तरिकाले ल्यापटप लिन सकिनेछ ।

### टिभिएसको किस्ता शुल्क अब खल्तीबाटै भुक्तानी

काठमाडौं/मस- खल्ती डिजिटल वालेट ले नेपालका लागि टिभिएसको आधिकारिक बिक्रेता जगदम्बा मोटर्स सँगको सहकार्यमा टिभिएसको सबै सवारी साधनहरुको किस्ता खल्ती बाटै तिर्न सकिने सुविधा ल्याएको छ । डिजिटल कारोबारलाई प्रोत्साहन गर्न तथा कोभिड महामारीका बेला सबै प्रकारको किस्ता सहजै तिर्न सकियोस् भन्ने उद्देश्यले यो सुविधा ल्याईएको हो ।

खल्ती डिजिटल वालेट र जगदम्बा मोटर्सबीचको सम्झौतामा हस्ताक्षर भए पश्चात ग्राहकहरुले जुनसुकै समयमा टिभिएसको मोटरसाईकल, स्कुटर, टेम्पो जस्ता सबै सवारी साधनहरुको किस्ता खल्तीबाट सिधै तिर्नसक्ने भएका छन् । खल्तीले ग्राहकहरुको सहजताको लागि टिभिएस सोरुममा खल्ती क्यूआरहरु पनि सेट गरेका छ जस मार्फत ग्राहकहरुले युनियन पे सँग आवद्द बैंक तथा डिजिटल वालेटहरुबाट पनि भुक्तानी गर्न सक्नेछन् ।

### एशियन लाईफले एकैदिन काठमाडौंमा खोल्यो थप दुई शाखा



काठमाडौं/मस- एशियन लाईफ इन्स्योरेन्स कम्पनीले काठमाडौंमा थप दुई शाखा विस्तार गरेको छ। बैंकले काठमाडौंको नयाँ बानेश्वर र चाबहिल चुच्चेपाटीमा क्रमशः ४१ औं र ४२ औं शाखा विस्तार गरी सञ्चालनमा ल्याएको हो। ग्राहक सेवालाई सरल तथा सहज बनाउने उद्देश्यले खोलिएका उक्त शाखाहरु साउन २५ गतेदेखि सञ्चालनमा आएका छन्। उक्त शाखको उद्घाटन कम्पनीका संचालक समितिका अध्यक्ष दिपककुमार श्रेष्ठले गरेका हुन् ।

थप दुई शाखासहित योसँगै यस कम्पनीको शाखा संख्या ४२ र उपशाखा संख्या १०६ पुगेको छ। निकट भविष्यमा प्रभावकारी ग्राहक सेवाको लागि सम्भाव्यताको आधारमा काठमाण्डौं उपत्यकाभित्र थप शाखा तथा उपशाखा कार्यालयहरु खोल्दै लैजाने यस कम्पनीको लक्ष्य रहेको छ। त्यस्तै, कम्पनीले विभिन्न वर्गलाई लक्षित गरी सावधिक, अग्रिम भुक्तानी सावधिक, आजीवन, म्यादी सहित २३ वटा बीमा योजनाहरु प्रचलनमा ल्याएको छ। २०७८ असार समान्तसम्ममा यस कम्पनीको जीवन बीमा कोष २६ अर्ब २५ करोड रुपैयाँभन्दा बढी रहेको छ । उक्त कार्यक्रममा कम्पनीका प्रमुख कार्यकारी अधिकृत दिनेश लाल श्रेष्ठ, नायब प्रमुख कार्यकारी अधिकृत होम बहादुर श्रेष्ठ र बागमती प्रदेश प्रमुख लोकराज जोशीको समेत उपस्थिति थियो ।

### एनएमबि बैंकले फिक्स्ड ब्याजदरमै घर कर्जा दिने

काठमाडौं/मस- अब घर कर्जा लिने ऋणीहरु निरन्तर ब्याज बढ्ने चिन्ताबाट मुक्त हुने भएका छन् । एनएमबि बैंकले एउटै ब्यादरमा घर कर्जा दिने योजना ल्याएसँगै ऋणीहरु उक्ता चिन्ताबाट मुक्ता हुने भएका हुन् । एनएमबि बैंकले प्रतिवर्ष ८.५० प्रतिशत फिक्स्ड ब्याजदरमा घर कर्जा प्रवाह गर्ने सुनिश्चितता गरेको छ । बैंकले ५ वर्षसम्म एउटै ब्याजदर रहने तथा २५ वर्षसम्मको कर्जा अवधि रोज्न मिल्ने गरी सरल तथा सहज योजना अघि सारिएको हो ।

त्यस्तै, फिक्स्ड दर बाहेकको घर कर्जाको हकमा भने एनएमबि बैंकले प्रतिवर्ष ७.९९ प्रतिशतमै कर्जा प्रदान गर्दै आइरहेको छ। यसरी ग्राहकले डेरा भाडा तिर्ने पैसाले आफ्नै घर खरिद गर्न सकिने सपना पुरा गर्न यस योजनाले सघाउ पुर्याउने बैंकको विश्वास छ ।

# एक वर्षमै डेढ अर्ब बढीको डाइपर आयात



**काठमाडौं/रासस-** गत आर्थिक वर्षमा नेपालले रु एक अर्ब ६५ करोड मूल्य बराबरका डाइपर आयात गरेको छ। सो अवधिमा विभिन्न १५ मुलुकबाट उक्त मूल्य बराबरका १० करोड ५५ लाख थान डाइपर आयात भएको भन्सार विभागले जनाएको छ ।

विभागका अनुसार तीमध्ये सबैभन्दा बढी भारतबाट रु एक अर्ब ५० करोड मूल्य बराबरका करिब १० करोड थान डाइपर आयात भएको छ। त्यस्तै भियतनामबाट रु ५० लाख मूल्य बराबरका पाँच लाख २० हजार तथा पाकिस्तानबाट रु ३१ लाख मूल्य बराबरका करिब १५ हजार थान डाइपर आयात भएको विभागले जनाएको छ ।

नेपालले मलेशिया, थाइल्याण्ड, युनाइटेड स्टेट्स (यूएइ), टर्की, थाइल्याण्ड, हङकङ, सिङ्गापुर र डेनमार्कबाट पनि डाइपर आयात गर्ने गरेको छ ।

विशेषगरी नवजात शिशु, शल्यक्रिया गरेका बिरामी, ज्येष्ठ नागरिक तथा लामो यात्रा गर्नेले मलमूत्र अन्यत्र नजाओस् भन्नका लागि डाइपरको प्रयोग गर्ने गर्दछन् ।

# यती एयरलाइन्सले ल्यायो 'यति सस्तो अफर'

## पोखरा र सिमराको भाडा १५ सय मात्रै



**काठमाडौं/मस-** यति एयरलाइन्सले काठमाडौंदेखि विभिन्न ६ वटा गन्तव्यका लागि 'यति सस्तो' अफर अन्तर्गत न्यून भाडादर कायम गरेको छ । एयरलाइन्सले अगस्ट ८ तारिखदेखि अगस्ट १४ तारिखसम्म लागू हुने गरी अफर ल्याएको हो ।

एयरलाइन्सले ल्याएका नयाँ अफर अनुसार काठमाडौं-सिमराका लीग प्रतिटिकट १५ सय रुपैयाँ, काठमाडौं-पोखराका लागि प्रतिटिकट १५ सय रुपैयाँ तोकेको छ। त्यसैगरी काठमाडौं-भैरहवाका लागि १८ सय रुपैयाँ, काठमाडौं बिराटनगरका लागि १८ सय रुपैयाँ, काठमाडौं भद्रपुरका लागि १९ सय रुपैयाँ र काठमाडौं-नेपालगञ्जका लागि २५ सय रुपैयाँ भाडादर कायम गरिएको छ ।

यो अफरको उपयोग गर्नका लागि यात्रुले यती एयरलाइन्सको मोबाइल एप वा वेवसाइटमा गएर टिकट काट्नुपर्ने हुन्छ । टिकट काट्दा यति सस्तो प्रोमोकोड प्रयोग गरेपछि अफर अन्तर्गतको सुविधा प्रयोग गर्न पाइनेछ ।

**विज्ञापनको लागि मध्यान्हको इमेल परिवर्तन भएको सूचना ।**

मध्यान्ह राष्ट्रिय दैनिकमा विज्ञापन प्रकाशनका लागि नयाँ इमेलः
**ad.madhyanha@gmail.com** मा
पठाउन सम्बन्धित सबैमा अनुरोध गरिन्छ ।

मध्यान्ह राष्ट्रिय दैनिक
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298, 4226366
मो. नं.: 9841885670

**मध्यान्ह**
राष्ट्रिय दैनिक
- ग्राहक बन्न परेमा
- पत्रिका नआएमा
- ठेगाना परिवर्तन भएमा
- पत्रिका वितरण सम्बन्धि कुनै पनि गुनासो भएमा ।

सम्पर्क
बागबजार, काठमाडौं
फोन नं.: 01-4228298 | मो. नं.: 9851149919

प्रकाशकः **सीतादेवी श्रेष्ठ**, कार्यालयः बागबजार, काठमाडौं, फोनः ४२२६३६६, ४२२८२९८ ई-मेलः madhyanhadaily59@gmail.com, ad.madhyanha@gmail.com (विज्ञापन) मुद्रकः रोशन अफसेट प्रेस, भक्तपुर, सम्पादकः **मदनकुमार श्रेष्ठ**